# संघीय मुलुकहरुको हातेपुस्तिका, २००५

सम्पादक

आन एल. ग्रिफिथ्स

फोरम अफ फेडेरेशनको लागि

संयोजनकर्ताः

कार्ल नेरेनबर्ग

अनुवादक

उदय नेपाली

प्रकाशक

जातिय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च

सहयोग मार्ग अनामनगर काठमाडौं

सहयोग

अनडेफ

## संघीयता बारे यो हातेपुस्तक

नेपालमा पहिलो पटक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संविधान बन्दैछ । यसले सर्वसाधारण जनतामा एक प्रकारको आशाको लहर छाएको छ । अर्कोतिर, खासगरी संघीयता सम्बन्धि अल्प-ज्ञान र सिमित अनुभवका कारणले आज अनेक महत्वाकांक्षा, अड्कलबाजी, सङ्का-उपसङ्का, भ्रम र जालझेलहरू पनि उब्जेका र फैलिरहेकाछन् । यस्ता चुनौतिहरूको सामना गर्न संघीय शासनव्यवस्था अपनाएका अन्य देशहरूको संवैधानिक बन्दोवस्तका उदाहरणहरू निकै उपयोगी बन्न सक्दछन् । यो तथ्यलाई ध्यानमा राखी 'जातीय भेदभाव विरूद्ध राष्ट्रिय मञ्च' (NCARD)ले यो हातेपुस्तकको प्रकाशन गर्न लागेको हो । 'संघीय मुलुकहरूको हातेपुस्तिका, २००५' नामाकरण गरिएको यो पुस्तक फोरम अफ फेडरेसन्स (Forum of Federations) क्यानाडा बाट प्रकाशित अँग्रेजी भाषाको 'Handbook of Federal Countries, 2005' को सारांश भाग बाट अनुवाद गरिएको हो । उक्त अँग्रेजी भाषाको पुस्तकमा जम्मा २५ वटा संघीय शासन व्यवस्था अपनाएका देशहरू मध्ये प्रत्येकको संघीयताको इतिहास र विकास, संवैधानिक प्रावधानहरू, र वर्तमान राजनीतिक मोडका वारेमा चर्चा गरिएको छ । उक्त व्याख्यात्मक अंश पछि ती प्रत्येक देशका संवैधानिक व्यवस्थाको एक 'सारांश रूपरेखा' पनि सो पुस्तकमा समेटिएको छ । NCARD बाट प्रकाशित यो हातेपुस्तक, 'Handbook of Federal Countries, 2005' को पुरै भागको अनुवाद नभएर उक्त 'सारांश रूपरेखा'को मात्र अनुवाद हो । पुरै पुस्तकको अनुवाद गर्ने हाम्रो इच्छा हुँदाहुँदै पनि प्रकाशन लागत र समयलाई ख्यालमा राखेर 'सारांश रूपरेखा'को मात्र अनुवाद र प्रकाशन गरिएको छ ।

सारांश-रूपरेखा मात्र भएपनि एक अध्ययनशील व्यक्तिले नेपालको संविधान निर्माणको वर्तमान सन्दर्भमा यसबाट महत्वपूर्ण उपायहरू निकाल्न सक्दछ । विभिन्न देशका संविधाानहरूको सारांश एउटै ढाँचागत रूपरेखामा प्रस्तुत गरिएकोले तुलनात्मक अध्ययन गरी संघीयता सम्बन्धि सामान्यतः प्रचलनहरू थाहा पाउन र त्यसका आधारमा नेपालको सन्दर्भमा के कस्ता संवैधानिक प्राबधान अपनाउन उपयुक्त हुन्छन् भनी खुट्याउन यस हातेपुस्तकले मद्दत गर्नेछ । उदाहरणका लागि २५ वटै देशका 'संघका ईकाईहरू' भन्ने बुँदा लाई तुलना गरी हेरेमा विभिन्न देशका राज्य संरचना, विभिन्न तहका सरकार, समुदायगत र भौगोलिक क्षेत्रगत प्रान्त विभाजन, राज्य वा प्रान्तहरूको नामाकरणका आधार सम्बन्धमा जानकारी मिल्नेछ । 'सरकारी कामकाजका भाषा' भन्ने बुँदाले विभिन्न देशका भाषा सम्बन्धि संबैधानिक प्राबधानका वारेमा जानकारी गराउँदछ । त्यस्तै, संघीय इकाईहरूको तुलनात्मक क्षेत्रफल र जनसंख्याबाट के कति सम्म ठूला-साना इकाईहरू बनाउन सम्भब छ भन्ने जानकारी हाशिल गर्न सकिन्छ । 'राजनीतिक प्रणाली', 'राष्ट्रप्रमुख' र 'सरकार प्रमुख' शिर्षक अन्तर्गत देशहरूको तुलनात्मक अध्ययन बाट के कति देशमा राष्ट्रपतीय र कतिमा प्रधानमन्त्रीय प्रणाली छ र 'राष्ट्रप्रमुख' र 'सरकार प्रमुख'को लागि निर्वाचन पद्धतीका वारेमा बुँदागत जानकारी पाउन सकिन्छ । 'व्यवस्थापिकाको संरचना' ले के कति देशमा एक सदनात्मक र के कतिमा दुई सदनात्मक व्यवस्थापिका छ र यसका सदस्यहरूको निर्वाचन पद्धतीका वारेमा जनाउ दिएको छ । त्यस्तै, 'संवैधानिक मामला हेर्ने सबै भन्दा माथिल्लो अदालत' शिर्षकमा विभिन्न देशमा न्यायाधिशहरूको नियुक्ति र संविधानको व्याख्या गर्ने आधिकारिक निकायका वारेमा उल्लेख छ । यसका साथै यस हातेपुस्तक बाट संघीय देशहरूमा विभिन्न तहका सरकारहरूका बीच शक्तिको बाँडफाँट, संघीय इकाईहरूका राजनीतिक प्रणाली र राजश्व प्रणालीका वारेमा पनि जानकारी लिन सकिन्छ ।

हातेपुस्तक व्याख्यात्मक नभई बुँदागत सारांश मात्र भएकाले अझ बढी स्पष्ट हुनको लागि कतिपय ठाउँमा अन्य सन्दर्भ समग्रीहरूको मद्दत लिनुपर्ने बाध्यता भने आउन सक्दछ । अन्तमा, यस उपयोगी हातेपुस्तकको सन्दर्भ सामग्री 'Handbook of Federal Countries, 2005' को प्रकाशनमा पहल गर्ने फोरम अफ फेडरेसन्स (Forum of Federations) क्यानाडा प्रति कृतज्ञता व्यक्त गर्न चाहान्छु । यसका साथै अनुवादमा मद्दत गर्नुहुने उदय नेपाली, यस हातेपुस्तकको प्रकाशनमा मद्दत पुऱ्याउने सम्पूर्ण NCARD परिवार, संयुक्त राष्ट्र संघीय प्रजातान्त्रिक कोष (UNDEF) र 'समावेशी संविधानका लागि संवाद अभिबृद्धि परियोजना'का कर्मचारीहरू प्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

डा. सुमित्रा मानन्धर गुरुङ्ग
अध्यक्ष,
जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च (NCARD)

## संघीयतामा प्रवेश गर्दै गरेको देश

संघीयतामा प्रवेश गर्दै गरेको देश - नेपाल, हाम्रो लागि यो नविनतम बिषय हो । स्वभाविक रुपमा कौतुहलता छ, हामीमा । साथसाथै, कतिपय प्रसङ्गमा सन्देह र संकोच पनि श्रृजना गर्दछन् । नितान्तः नौलो र अनुभवविहिन क्षेत्रतिर उन्मुख हुनु पर्दा स्वभाविक रुपमा यस प्रकारको असमञ्जस्यता पर्दछन् । तसर्थ, संघीयताका सम्बन्धका यतिखेर सिङ्गो मुलुक गम्भिर सोधखोजमा लागि परेको छ । फोरम अफ फेडरेशनद्वारा प्रकाशित ‘संघीय मुलुककासम्बन्धमा हाते पुस्तक’ तयार गर्नमा संयोजनकर्ता कार्ल नेरेवर्ग तथा सम्पादक आन एल ग्रिफिथ्सले निकै मिहेनत गरेको छ । विश्वमा भएका २८ वटा संघीय मुलुकहरुका सम्बन्धमा सार संग्रहित सूचनाहरु संगालेर पुस्ताकार दिइएको अंग्रेजी संस्करण प्रारम्भिक तथा आधरभूत जानकारीका लागि अत्यन्त उपयोगीसिद्ध छ ।

नेपाली भाषी पाठकहरुका लागि पनि यो पुस्तक पठनीय बनोस् भन्ने चाहनामा जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्चद्वारा भाषनुवादको यो प्रकाशनको जमर्को गरेकोछ । न्यायीक प्रशासन क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका श्री उदय नेपाली श्रेष्ठले संवैधानिक र कानूनी विषयको यस पुस्तकलाई नेपाली रुपान्तरण जिम्मा लिएर ठुलो गुण लगाउनु भएको छ, उहाँमा साधुवाद । नेपालको संघीयताको अभियानमा यस पुस्तकले निमेष मात्र टेवा पुचाइदिएमा पनि हामी आफुलाई सफल ठान्छौ । धन्यवाद ।

मल्ल के. सुन्दर
महासचिव
जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च
१ जनवरी २०१०

# विषय सूचि


१. अर्जेन्टिना म्ततवत! ठववाउंता दवज कमपिदमक्ण

२. अष्ट्रेलिया म्ततवत! ठववाउंता दवज कमपिदमक्ण

३. अष्ट्रिया म्ततवत! ठववाउंता दवज कमपिदमक्ण

४. बेल्जियम म्ततवत! ठववाउंता दवज कमपिदमक्ण

५. ब्राजिल म्ततवत! ठववाउंता दवज कमपिदमक्ण

**६. बोस्निया र हर्जगोभिना भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**७. क्यानडा भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**८. कोमोरोस भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**९. इथियोपिया भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**१०. जर्मनी भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**११. भारत भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**१२. मलेशिया भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**१३. मेक्सिको भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**१४. माइक्रोनेशियाको संघीय राज्य भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**१५. नाइजेरिया भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**१६. पाकिस्तान भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**१७. रुस भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**१८. सेन्ट किटस र नेभिस (सेन्ट किटस र नेभिसको संघ) भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**१९. सर्भिया र मोन्टेनेग्रो (सर्भिया र मोन्टेनेग्रोको राज्य-संघ) भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**२०. दक्षिण अफ्रिका भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**२१.स्पेन भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**२२. स्वीट्जरलैण्ड भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**२३. संयुक्त अरब एमिरेटस भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**२४. संयुक्त राज्य अमेरिका भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

**२५. भेनेजुयला भ्चचयच१ द्वययफबचप लयत मभाष्लभम।**

# १. अर्जेन्टिना

**तालिका १**

**राजनीतिक र भौगोलिक सूचकहरु**

| | |
|---|---|
| राजधानी शहर | व्युनस आयर्स |
| संघका इकाईहरु (घटकहरू) (Constituent units) को संख्या र किसिम | **२३ वटा प्रान्त (प्रोभिन्स)हरुः-** व्युनस आयर्स, क्याटामार्का, चाको, चुबुट, कोर्डोवा, कोरियन्टेश, इन्ड्रेरिओस्, फोर्मोसा, जुजुई, लापम्पा, ला रियोजा, मेन्दोजा, मिसियोनेस, न्यूक्विन, रियोनेर्गो, सल्टा, सनजुवान, सान लुइस, सान्ताक्रुज, सान्ता फे, सान्तियागो डेल स्ट्रो, कुकुमान, तियर देल फ्यूगो ।<br>**१ संघीय जिल्ला**ः व्युनस आयर्सको स्वशासित शहर ।<br>**५ वटा प्रदेश/क्षेत्रहरु (Regions)**ः- आन्डिना, सेन्ट्रो, लिटोराल, नोर्ते, पातागोनिया ।<br>**टिप्पणी**ः फाल्क ल्याण्ड, माल्भिनस टापुहरु (आइलैंड), साउथ जर्जिया, साउथ स्याण्डविच टापुहरु (आइलैंड) र अन्टार्टिकाको एक भागमा पनि अर्जेन्टिनाले सम्प्रभुत्ताको दावी गर्दछ । |
| सरकारी कामकाजको भाषा | **स्पेनिस** । |
| क्षेत्रफल | २,७८०,०९२ वर्ग किमि । |
| संघकोसबैभन्दा ठूलो इकाईको क्षेत्रफल | व्युनस आयर्स प्रान्त (३०७,५७१ वर्ग किमि) । |
| सबैभन्दा सानो इकाईको क्षेत्रफल | तियरा डेल फ्यूगो - २१,२६३ वर्ग किमि ।<br>(संघीय जिल्ला -२०० वर्ग किमि) । |
| कुल जनसंख्या | ३७,९२८,००० (२००२) |
| संघका इकाईहरुको जनसंख्या (कुल जनसंख्याको प्रतिशत) । | व्युनस आयर्स ३८.१%, कोर्डोवा ८.५%, सान्ता फे ८.३%, व्युनस आयर्सको स्वशासित शहर ७.७%, मेन्दोजा ४.३%, टुकुमान ३.७%, इन्ड्रे रिओस् ३.२%, सल्टा ३.०%, चाको २.७%, मिसियोनेस २.७%, कोरियन्टेश २.६%, सान्तियागो डेल स्ट्रो २.२%, जुजुइ १.७%, सनजुवान १.७%, रियोनेर्गो १.५%, न्यूक्विन १.३%, फोर्मोसा १.३%, चुबुट १.१%, सान लुइस १.०%, क्याटामाका ०.९%, ला पम्पा ०.८%, ला रियोजा ०.८%, सान्ताक्रुज ०.५%, तियर देल फ्यूगो ०.३% । |
| राजनीतिक प्रणालीः- संघीय | **संघीय गणतन्त्र** । |
| राष्ट्र प्रमुख-संघीय | **राष्ट्रपति**ः राष्ट्रपति र उप-राष्ट्रपति एउटै टिकट बाट निर्वाचित हुने । सम्पूर्ण राष्ट्रलाई एउटै निर्वाचन क्षेत्र मानी वालिग मताधिकारका आधारमा प्रतक्ष निर्वाचन बाट राष्ट्रपति र उप-राष्ट्रपति एकै पटक निर्वाचित हुने । पहिलो र दोश्रो मतदानको व्यवस्था छ । |
| सरकार प्रमुखः-संघीय | **राष्ट्रपति** । |
| व्यवस्थापिकाको संरचनाः-संघीय | **द्विसदनात्मक**ः राष्ट्रिय कंग्रेस ।<br>**उपल्लो सदन- सिनेट**, ७२ सिटहरु । सिनेटका सदस्यहरु ६ बर्षको लागि निर्वाचित हुन्छन् र जति पटक पनि पुन निर्वाचित हुन सक्दछन् ।<br>**तल्लो सदन - डेपुटिहरुको चेम्बर**, २५७ सिट । प्रत्येक दुई दुई वर्षमा पचास प्रतिशत सदस्यहरु चार बर्षको लागि निर्वाचित हुन्छन् । |
| सबैभन्दा बढी जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | व्युनस आयर्स - ७० |
| सबैभन्दा कम जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | टियरा डेल फ्यूगो-५ |

| | |
|---|---|
| संघीय व्यवस्थापिकाको उपल्लो सदनमा प्रतिनिधित्वको वितरण | प्रत्येक प्रान्त र व्युनस आयर्सको शहरवाट ३ जना सिनेट सदस्यहरुले प्रतिनिधित्व गर्दछन् । ति मध्ये दुई जनाले सबैभन्दा बढी मत ल्याएको दलबाट र १ जनाले बढी मत ल्याएको दोस्रो ठूलो दलबाट प्रतिनिधित्व गर्दछन् ।(सन् २००१ देखि प्रत्येक दुई दुई बर्षमा ७२ जना सदस्यहरुमध्ये एक तिहाई सदस्यहरु प्रत्यक्ष निर्वाचनवाट ६ बर्षको लागि निर्वाचित हुन्छन् । ) |
| अधिकारको वितरण (शक्ति बाँडफाँट) | **संघीय सरकारका अधिकारः** संविधानले संघीय सरकारलाई २५ वटा एकलौटी अधिकारहरु दिएको छ । ति अधिकारहरुमा बिदेश मामिला, रक्षा, नागरिकता, अन्तर्राष्ट्रिय वाणिज्य र भन्सार, आन्तरिक व्यापार, अर्थ, बैकिङ्ग, मुद्रा र राष्ट्रव्यापी सार्वजनिक सेवाहरु समेत समावेश छन् । माध्यमिक तथा उच्च शिक्षा, आर्थिक, योजना, र फौज्दारी, देवानी, वाणिज्यिक, खानी, श्रम तथा सामाजिक सुरक्षा संहिताहरु निर्माण गर्ने जिम्मेवारी पनि संघीय सरकारलाई दिइएको छ । **प्रान्तीय सरकारको अधिकारः** आ-आफ्ना इलाका (भूभाग)मा शिक्षा, सार्वजनिक स्वास्थ्य, प्रान्तिय न्याय, प्रहरी, पूर्वाधार संरचना, समाज कल्याण, प्राकृतिक स्रोतहरुको व्यवस्था गर्ने जिम्मेवारी प्रान्तहरुलाई दिईएको छ । |
| अवशिष्ट अधिकार (शेषाधिकार) | अवशिष्ट अधिकार **प्रान्तहरुमा** रहेको छ । |
| संवैधानिक अदालत (संवैधानिक मामिला/बिषयहरु हेर्ने सबैभन्दा माथिल्लो अदालत) | **न्यायको सर्वोच्च अदालत** । सर्वोच्च अदालतका ९ जना न्यायाधिशहरु सिनेटको दुई तिहाई सदस्यको उपस्थितीको स्वीकृतिमा राष्ट्रपतिबाट निर्वाचित हुन्छन् । |
| इकाईहरुको राजनीतिक प्रणाली | **प्रान्तिय व्यवस्थापिकाः** करीब दुई तिहाई प्रान्तिय व्यवस्थापिकाहरु एक सदनात्मक छन् र वांकी द्विसदनात्मक । चार वर्षको लागि संसदको निर्वाचन प्रत्यक्ष प्रणाली अनुसार हुन्छ । संघीय जिल्लामा, राष्ट्रिय कांग्रेसले एकलौटी व्यवस्थापकीय अधिकार प्रयोग गर्दछ । |
| सरकार प्रमुख-इकाईहरुमा | **गभर्नरः** - चार बर्षको लागि प्रत्यक्ष रुपले निर्वाचित । |

**तालिका -२**
**आर्थिक तथा सामाजिक सूचकहरु**

| | |
|---|---|
| कुल गार्हस्थ उत्पादन (जिडिपि) | अमेरिकी डलर (अ.ड) ४०१.९ + विलियन Purchasing Power Parity (PPP) तुलनात्म क्रयशक्तिमा (पिपिपि मा) २००२ |
| प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन | अ.ड. १०५९४ (पिपिपिमा) २००२ |
| राष्ट्रिय ऋण (वाह्य) | अमेरिकन डलर १३६.७ विलियन (२००१) |
| उप-राष्ट्रिय ऋण | अमेरिकन डलर १८३५६ मिलियन (३० जुन २००२ सम्म) |
| राष्ट्रिय वेरोजगारी दर | १५.६% (मे २००३) |
| सबैभन्दा बढी वेरोजगारी दर भएको इकाई | जुजी -२०.५% (मे २००३) |
| सबैभन्दा घटी वेरोजगारी दर भएको इकाई | सान्ता कुज- २.७% (मे २००३) |
| वयस्क साक्षरता दर | ९६.९% (२००१) |
| शिक्षामा राष्ट्रिय खर्च कुल गार्हस्थ उत्पादनको प्रतिशत | ४.०% (१९९८-२०००) |
| औषत आयु (बर्षमा) | ७४ |

| | |
|---|---|
| संघीय सरकारको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर १३.४ विलियन (सन् २००० को अनुमान) |
| इकाईहरुको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर ३.२ विलियन (सन् २००० को अनुमान) |
| इकाईहरुलाई संघको अनुदान | अमेरिकन डलर ५.६ विलियन (सन् २००० को अनुमान) |
| समीकारक संयन्त्र | कोपार्टिसिपेशन फेडरल डे इम्प्युसटस नामक कर हिस्सेदारी संयन्त्रका आधारमा संघीय अनुदान दिईन्छ। |

**स्रोत सामग्रीहरु :**


Argentina Chamber of Deputies, Constitucion de la Nacion Argentina. wdb site: http:// www.hedn.gov.ar/

Besfamile, Martin and Pablo Sanguinetti. May 2003. " Formal and Real Fiscal federation in Argentina. "Available from University of Warwick web site: http://www2.Warwick. ac.uk/fac/soc/CSGR/research/ workingpapers/2003/we11503.pdf

Buenos Aires, Government of the Province of Ministry of the Economy." Argentina and the Province of Buenos Aires." Web site: http://www.ec.gba.gov. ar. /English/Argentina. him

Instituto Nacional de Estadistica Y Censos, : Mercado de trabajo: principales indicadores de jos aglomerados urbanos" (Informaciion de Prensa). 31 July 2003. web site: http://www.indec.mecon.ar/nuevaweb/cuadros/4/ephtot_mayo3.pdf.

International Monetary Fund, " IMF Country Report: Argentina." July 2003. web site: http://www.imf.org/external/pubs/ ft/scr/2003/cro3226.pdf

United Nations Developjment Programme. " Human Development Indicators: Argentina" 2003.web site:http://www.undp.org/hdr2003-Striving for Stability in Development

Finance: Statistical Appendix (External Liabilities and Assets)." 2003. Table A.42_total External Debt of Developing countries 1995-2001. web site http://

## २. अष्ट्रेलिया

**तालिका १**

**राजनीतिक र भौगोलिक सूचकहरु**

| | |
|---|---|
| राजधानी शहर | क्यानवेरा |
| संघका इकाईहरु (घटकहरू)को संख्या र किसिम | **६ वटा राज्यहरु**ः न्यू साउथ वेल्स, क्वीन्सल्याण्ड, साउथ अष्ट्रेलिया, तासमानीया, भिक्टोरिया र वेष्टर्न अष्ट्रेलिया । **१ क्यापिटल टेरिटोरी (राजधानी इलाका)**:- अष्ट्रेलियन क्यापिटल टेरिटोरी । **१ महाद्वीपीय भूभागको इलाका (टेरिटोरी)**ः - नर्दन टेरिटोरी (उत्तरी भूक्षेत्र) (नोट- अष्ट्रेलियामा ७ वटा **वाह्य टेरिटोरी** पनि छन् (एस्मोर र चार्टिएर टापु (आइल्याण्ड), क्रिश्मश टापु, करेकुस (किलिङ्ग) टापु, कोरल सि टापु, हेराल्ड टापु, म्याकडोनाल्ड टापु, र नर्फोक टापु) । |
| सरकारी कामकाजको भाषा | **अंग्रेजी** । |
| क्षेत्रफल | ७,६८२,३०० वर्ग किमि । |
| संघको सबैभन्दा ठूलो इकाईको क्षेत्रफल | पश्चिमी (वेष्टर्न) अेष्ट्रेलिया- २५,२५,५०० वर्ग किमि । |
| सबैभन्दा सानो इकाईको क्षेत्रफल | अष्ट्रेलियन क्यापिटल टेरिटोरी (राजधानी इलाका) - २,४०० वर्ग किमि |
| कुल जनसंख्या | २०,०३८,६१५ (जनवरी २००४) |
| संघका इकाईहरुको जनसंख्या (कुल जनसंख्याको प्रतिशत) । | न्यू साउथ वेल्स ३४%, भिक्टोरिया २५%, क्वीन्सल्याण्ड१९%, वेष्टर्न अष्ट्रेलिया १०%, साउथ अष्ट्रेलिया ८%, तासमानीया २%, अष्ट्रेलियन क्यापिटल टेरिटोरी २%, नर्दन टेरिटोरी १% । |
| राजनीतिक प्रणाली- संघीय | **संघ (फेडेरेशन)**ः- संसदीय प्रणाली । |
| राष्ट्र प्रमुख-संघीय | **रानी**ः एलिजावेथ द्धितीय (१९५३) । प्रधानमन्त्रीको सल्लाहमा रानीवाट नियुक्त **गर्भनर जनरल** माइचेल जेफ्री (१ अगस्त २००३) **ले प्रतिनिधित्व गरेका** । |
| सरकार प्रमुख-संघीय | **प्रधानमन्त्री**ः प्रधानमन्त्री संसदको निर्वाचित सदस्य र प्रतिनिधिसभामा सबैभन्दा बढी सिट जित्ने दलको नेता वा वहुमत गठवन्धनको नेता हुन्छ । प्रधानमन्त्रीको सल्लाहमा गभर्नर जनरलले सांसदहरुमध्येवाट मन्त्रिपरिषद्को गठन गर्दछन् |
| व्यवस्थापिकाको संरचना-संघीय | **द्विसदनात्मक-** संसद । **उपल्लो सदन**ः- **सिनेट** । ७६ सिट । प्रत्येक ६ वटा राज्यवाट १२ जना र अष्ट्रेलियन क्यापिटल टेरिटोरी तथा नर्दन टेरिटोरी प्रत्येकवाट दुई दुई जना ६ बर्षको लागि निर्वाचित हुन्छन् । पचास प्रतिशत सदस्यहरु प्रत्येक तीन तीन वर्षमा निबृत्त हुँदै जान्छन् । टेरिटोरीका सिनेट सदस्यहरु तीन वर्षको लागि निर्वाचित हुन्छन् । **तल्लो सदनः - प्रतिनिधिसभा** । १५० जना सदस्यहरु । प्राथमिकता मतदानको आधारमा ३ बर्षको लागि एकल-सदस्यीय निर्वाचन क्षेत्रहरुबाट निर्वाचित हुन्छन् । |
| सबैभन्दा बढी जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | न्यू साउथ वेल्स -५० । |
| सबैभन्दा कम जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | तास्मानिया -५ (नोटः कुनै पनि संस्थापक राज्यबाट ५ जना भन्दा घटी प्रतिनिधि हुनु हुँदैन) । क्यापिटल टेरिटोरी- २ |

| | |
|---|---|
| | नर्दन टेरिटोरी- २ |
| संघीय व्यवस्थापिकाको उपल्लो सदनमा प्रतिनिधित्वको वितरण | प्रत्येक ६ वटा राज्यवाट सिनेटमा १२ जना प्रतिनिधिहरु निर्वाचित हुन्छन् । टेरिटोरीको दुई दुई वटा सीट हुन्छ । |
| अधिकारको वितरण (शक्ति बाँडफाँट) | **संघीय सरकारका अधिकारः** संविधानले ४८ वटा अधिकारहरु कमनवेल्थलाई दिएको छ । तिनमा, वैदेशिक मामिला, रक्षा, नागरिक, अध्यागमन, अंगीकरण, अन्तर्राष्ट्रिय वाणिज्य तथा अन्तरराज्य व्यापार, भन्सार, अर्थ, वैकिङ्ग, बीमा, मुद्रा, पारिवारिक कानून, समाज कल्याण तथा राष्ट्रव्यापी सार्वजनिक सेवा समेत पर्दछन् । **समवर्ती अधिकारहरूः** कमनवेल्थका अधिकांश अधिकारहरु साझा छन् । अर्थात राज्यले पनि यी अधिकारहरु प्रयोग गर्दछन् । **प्रान्तीय सरकारको अधिकारः** शिक्षा राज्यले सम्पादन गर्ने सबैभन्दा ठूलो काम हो । तर राज्यहरुले मुख्य मुख्य सार्वजनिक सेवा, कानून र व्यवस्था, सार्वजनिक आवास सम्बन्धी, उद्योग र श्रमको नियमन र सम्पत्ति सम्बन्धी सेवाहरु समेत उपलव्ध गराउंदछन् । स्थानीय सरकारी कानून निर्माण पनि राज्यको बिषय हो । **कानुन बाझिएमाः** संघीय र राज्यको कानून बाझिएमा **संघीय कानून लागू हुन्छ** । |
| अवशिष्ट अधिकार (शेषाधिकार) | अवशिष्ट अधिकार **राज्यहरुमा** रहेको छ । |
| संवैधानिक अदालत (संवैधानिक मामिला/बिषयहरु हेर्ने सबैभन्दा माथिल्लो अदालत) | **उच्च अदालत** । प्रधानन्यायाधिश र अन्य ६ जना न्यायाधिशहरु गर्भनर जनरलबाट नियुक्त हुन्छन् । गभर्नर जनरलले संसदका दुबै सदनको संयुक्त सेसनमा कारण प्रस्तुत गरी बर्खास्त गर्न सक्ने । |
| इकाईहरुको राजनीतिक प्रणाली | **द्विसदनात्मक** (तर **क्विन्सल्याण्ड र नर्दन टेरिटोरी**मा भने **एक सदनात्मक** व्यवस्थापिका छ) । तीन वा चार बर्षको लागि व्यवस्थापिका सभाहरुको निर्वाचन प्रत्यक्ष प्रणालीवाट हुन्छ । |
| सरकार प्रमुख- इकाईहरुमा | **राज्य प्रमुखः- गर्भनर** । प्रधानमन्त्रीको परामर्शमा रानीवाट नियुक्त हुने ( राज्यहरुको हकमा) । अष्ट्रेलियन क्यापिटल टेरिटोरीको हकमा राज्य प्रमुखको व्यवस्था छैन । नर्दन टेरिटोरीको हकमा, नर्दन टेरिटोरीको मुख्यमन्त्रीको सल्लाहमा गर्भनरवाट नियुक्त प्रशासक राज्य प्रमुख हुन्छ । सरकार प्रमुख- प्रधानमन्त्री (प्रिमियर) राज्यहरुको हकमा) । प्रिमियर- व्यवस्थापिकामा सबैभन्दा बढी सीट ल्याएको दलको नेता- ले मन्त्रिपरिषद् गठन गर्दछन् । दुबैको अवधि ३ वा ४ वर्षको हुन्छ । |

**तालिका -२**

**आर्थिक तथा सामाजिक सूचकहरु**

| | |
|---|---|
| कुल गार्हस्थ उत्पादन (जिडिपि) | अमेरिकन डलर ५४१.२ विलियन (पिपिपिमा) (२००२) |
| प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन | २६५०० (पिपिपिमा) (२००२) |
| राष्ट्रिय ऋण (वाह्य) | अमेरिकन डलर १७०.६ विलियन (२००१) |
| उप-राष्ट्रिय ऋण | उपलव्ध नभएको |
| राष्ट्रिय वेरोजगारी दर | ६.१% (२००३ को प्रक्षेपण) |
| सबैभन्दा बढी वेरोजगारी दर भएको इकाई | तास्मानिया ८.८% |
| सबैभन्दा घटी वेरोजगारी दर भएको इकाई | न्यू साउथ वेल्स- ६.१% |
| वयस्क साक्षरता दर | ९९% |
| शिक्षामा राष्ट्रिय खर्च कुल गार्हस्थ | ६.७%(२००१) |

| | |
|---|---|
| उत्पादनको प्रतिशत | |
| औषत आयु (बर्षमा) | ७८.९ |
| संघीय व्यवस्थापिकाको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर १०१.५ विलियन (२०००) |
| इकाईहरुको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर २०.२ विलियन (२००१) |
| इकाईहरुलाई संघको अनुदान | अमेरिकन डलर २६५३७ विलियन (२००१) |
| समीकारक संयन्त्र | कमनवेल्थ अनुदान आयोगको सिफारिशमा राज्यको राजश्व तथा खर्चमा संघीय अनुदान आधारित । |

**स्रोत सामग्रीहरु :**


Australia, Government of, Bureau of Statistics, yearbook Australia: Taxation Revenue.2003. Web site: www.abs.gov.au /ausstats/abs%40.nsf/ 94713ad445ff1425c125682000192af2/ 3d817eb544c6a4a6ca256cae0005207b!open document

Australia, Government of, Bureau of Statistics, yearbook Australia: Population.2003. Web site: www.abs.gov.au /ausstats/abs%40.nsf/ 94713ad445ff1425c125682000192af2/ 1647509ef7e25faaca2568a900154b63e?open document

International Monetary Fund, "country report: Australia." October 2003.website: www.imf.org/external/pops/ft/scr/2003/cro3337.pdf

Organization for Economic Co-operation and Development, "OECD in Figures: Statistics on the Member Countries." September 2003. Website: www.oecd.org/publications/e-book/0103061e.pdf

"Review of common wealth funding, background paper." December 2001. Available from review of common wealth-state funding website: www.reviewcommstatefunding.com.au/library/backgroundpaper_final.pdf.

## ३. अष्ट्रिया

**तालिका १**

**राजनीतिक र भौगोलिक सूचकहरु**

| | |
|---|---|
| राजधानी शहर | भियना । |
| संघका इकाईहरु (घटकहरू) (Constituent units) को संख्या र किसिम | **९ वटा राज्यहरु** (ल्याण्डेर): **(एकवचनमा ल्याण्ड)**: वुर्जनल्याण्ड, केरोटेन (कारिन्थिया), निडोरेस्टेरिज (तल्लो अष्ट्रिया), ओवेरोस्टेरिज (उपल्लो अष्ट्रिया), साल्जवर्ग स्टेइरमार्क (स्टेरिया), टाइरोल, भियना, भारोलवर्ग । |
| सरकारी कामकाजको भाषा | **जर्मन** । |
| क्षेत्रफल | ८३,८५८ वर्ग किमि । |
| संघको सबैभन्दा ठूलो इकाईको क्षेत्रफल | तल्लो अष्ट्रिया- १९,१७४ वर्ग किमि । |
| सबैभन्दा सानो इकाईको क्षेत्रफल | भियना- ४१५ वर्ग किमि । |
| कुल जनसंख्या | ८,१४१,००० (२००२) । |
| संघका इकाईहरुको जनसंख्या (कुल जनसंख्याको प्रतिशत) । | भियना १९.३%, तल्लो अष्ट्रिया १८.१%, उपल्लो अष्ट्रिया १७%, स्टेरिया १४.७ %, टाइरोल ८.३%, कारिन्थिया ६.९%, साल्जवर्ग ६.४, भोरालवर्ग ४.३%, वुर्जनल्याण्ड ३.४% । |
| राजनीतिक प्रणाली- संघीय | **संघीय गणतन्त्र ।** |
| राष्ट्र प्रमुख-संघीय | **राष्ट्रपति**: राष्ट्रपति ६ बर्षे कार्यकालको लागि प्रत्यक्ष रुपले निर्वाचित हुन्छन् । |
| सरकार प्रमुख-संघीय | **चान्सलर**: पहिलो सदन वा तल्लो सदन (नेशनलराट)मा सबैभन्दा ठूलो दल वा गठबन्धनवाट राष्ट्रपतिले चान्सलर नियुक्त गर्दछ । चान्सलरले मन्त्रिपरिषद् गठन गर्दछन् । |
| व्यवस्थापिकाको संरचना-संघीय | **द्विसदनात्मक**: संघीय सभा (वुन्डेसभर्साम्लुङ्ग) ।<br>**उपल्लो सदन**:- वुन्डेसर्याट **(संघीय परिषद्**) मा संघका घटकहरुको प्रतिनिधित्व गर्ने ६४ जना सदस्यहरु हुन्छन् । तिनीहरु राज्यका संसदहरुवाट अप्रत्यक्ष रुपले निर्वाचित हुन्छन् ।<br>**तल्लो सदन**:- नेशनलर्याट **(राष्ट्रिय परिषद्**) । चारवर्षे कार्यकालको लागि समानुपातिक प्रतिनिधित्वका आधारमा १८३ सदस्यहरु निर्वाचित हुन्छन् । |
| सबैभन्दा बढी जनसंख्या भएको इकाई बाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | उपल्लो अष्ट्रिया -३४<br>एफपिओ (अष्ट्रियाको फ्रिडम पार्टी) ५२, ओभिपि (अष्ट्रियाको पिपुल्स पार्टी) ५२ र ग्रीन १४ । |
| सबैभन्दा बढी जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | तल्लो अष्ट्रिया- ३१ सिट ।<br>(भियना- २८ सिट) |
| सबैभन्दा कम जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | वुर्जनल्याण्ड - ५ । |
| संघीय व्यवस्थापिकाको उपल्लो सदनमा प्रतिनिधित्वको वितरण | तल्लो अष्ट्रिया १२, भियना ११, उपल लो अष्ट्रिया ११, स्टेरिया १०, टाइरोल ५, कारिन्थिया ५, साल्जवर्ग ४, भोकालवर्ग ३ र वुर्जेनल्याण्ड ३ । |
| अधिकारको वितरण (शक्ति बाँडफाँट) | **संघीय सरकारका अधिकार**: बिदेश मामिला, सैनिक, न्याय र वित्त जस्ता कुराहरुमा कानून बनाउने र प्रशासन गर्ने पूर्ण अधिकार संघीय सरकारलाई छ । **राज्यहरू (ल्याण्डर)का अधिकार**: ल्याण्डरले प्रशासन र संघीय कानूनको कार्यान्वयन गर्दछन् । **समवर्ती अधिकार**: साझा व्यवस्थापकीय कार्यहरुमा अस्पताल, दानदातव्य, कृषक, कामदारको |

| | |
|---|---|
| | अधिकार र भूमिसुधार जस्ता कुराहरु पर्दछन् । |
| अवशिष्ट अधिकार (शेषाधिकार) | अवशिष्ट अधिकार **राज्यहरुमा** निहित छ । |
| संवैधानिक अदालत (संवैधानिक मामिला/बिषयहरु हेर्ने सबैभन्दा माथिल्लो अदालत) | **संवैधानिक अदालत** । संवैधानिक अदालतमा एउटा अध्यक्ष, एउटा उपाध्यक्ष, १२ जना सदस्य र ६ जना वैकल्पिक सदस्यहरु रहन्छन् ।<br>उपल्लो सदन (वुन्डेसकयाट)ले १४ जना सदस्यहरुमध्ये ३ जना र १ जना वैकल्पिक सदस्य नियुक्त गर्दछ । संघीय मन्त्रिपरिषद् र तल्लो सदन (नेशनलर्याट)को सिफारिशमा संघीय राष्ट्रपतिले वांकी सदस्यहरु नियुक्त गर्दछन् । |
| इकाईहरुको राजनीतिक प्रणाली | **एक सदनात्मकः** प्रत्येक राज्य (ल्याण्ड)मा आफ्नै संविधान र निर्वाचित सभा (डायट वा ल्याण्डट्याग) को व्यवस्था छ । सदस्यहरुको संख्या ३६ र ५६ को वीचमा छ । प्रत्येक राज्य (ल्याण्ड)ले गभर्नर र पार्षद (काउन्सिलर)हरु रहेको सरकार निर्वाचित गर्दछन् । भियनाको हकमा, नगर परिषद (सिटी काउन्सि)ले डायट वा ल्याण्डट्यागको काम गर्दछ । |
| सरकार प्रमुख-इकाईहरुमा | **गर्भनर**: व्यवस्थपकीय सभा (डायट)बाट निर्वाचित र डायट प्रति जवाफदेही हुने । |

**तालिका -२**
**आर्थिक तथा सामाजिक सूचकहरु**

| | |
|---|---|
| कुल गार्हस्थ उत्पादन (जिडिपि) | अमेरिकन डलर २३२.९ विलियन (पिपिमा (२००२) |
| प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन | अमेरिकन डलर २८.६११ पिपिपिमा (२००२) |
| राष्ट्रिय ऋण (वाह्य) | अमेरिकन डलर १२.१ विलियन (२००१ |
| उप-राष्ट्रिय ऋण | उपलव्ध नभएको |
| राष्ट्रिय वेरोजगारी दर | ५.१ % |
| सबैभन्दा बढी वेरोजगारी दर भएको इकाई | भियना ९.०% |
| सबैभन्दा घटी वेरोजगारी दर भएको इकाई | उपल्लो अष्ट्रिया ४.७% |
| वयस्क साक्षरता दर | १००% |
| शिक्षामा राष्ट्रिय खर्च कुल गार्हस्थ उत्पादनको प्रतिशत | ५.८ % |
| औषत आयु (बर्षमा) | ७८ (२००१) |
| संघीय सरकारको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर ५१.७ विलियन (२००२) |
| इकाईहरुको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर १५.२ विलियन (२००२) |
| इकाईहरुलाई संघको अनुदान | अमेरिकन डलर १५.२ विलियन (२००२) |
| समीकारक संयन्त्र | संघीय सरकारसंग हिस्सेदारी गरिने कर तथा अनुदान भुक्तानीमा राजयहरू (ल्याण्डर) निर्भर हुन्छन् । |

**स्रोत सामग्रीहरु :**

Austria, government of, website: www.austria.gv.at/e/service
Austria, Government of," the political system in Austria."2000. website: www.austria.gv.at/e/service

Austria national bank, 'Focus on statistics: Austria public finances."2003. website: www.oenb.at/stat-monatseft/english/tabellen/51_p.htm
International monetary fund, "supplement to the 2002 government finance statistics yearbook." 2002 website: www.imf.org/external/pops/ft/gfs/manual/shupp.pdf
Organization for economic co-operation and development," managing across levels of government: Austria, "website: www.oecd.org/dataoecd/10/27/1902502.pdf
Watts, Ronald I. 1999 comparing federal systems. Second Edition. Kingston: institute of inter governmental relations, queen's University.
World Bank, "quick reference tables: data and staticts."2003, website: www.worldbank.org/data/quickrefrence/quickref.html
World Directory of Parliamentary Libraries: Austria. Available from German Bundestag website: www.bundestag.de/bic/bibliothek/library/austri.html

# ४. बेल्जियम

**तालिका १**

**राजनीतिक र भौगोलिक सूचकहरु**

| | |
|---|---|
| राजधानी शहर | ब्रुसेल्स |
| संघका इकाईहरु (घटकहरू) (Constituent units) को संख्या र किसिम | **३ वटा प्रदेशहरू (भौगोलिक क्षेत्रहरु) (Regions)**: ल्फेमिस क्षेत्र, वालोन क्षेत्र र ब्रुसेल्स राजधानी (क्यापिटल) द्वैभाषिक क्षेत्र (प्रदेश) । **फ्लेमिश प्रदेश/क्षेत्रमा ५ प्रान्तहरू** छन्: आन्टवेर्प, फ्लेमिश ब्रबान्ट, वेष्ट फ्लेन्डर्स, ईष्ट फ्लेन्डर्स र लिम्बर्ग । त्यस्तै, **वालुन प्रदेश/क्षेत्रमा पनि ५ प्रान्त** छन्: वालुन ब्रबान्ट, हैनौट, लिएज, लक्जेम्बर्ग र नामुर ।<br>**३ वटा समुदायहरु (Communities)**: फ्रेन्च समुदाय, ल्फेमिस समुदाय, जर्मनी भाषा वोल्ने समुदाय । |
| सरकारी कामकाजको भाषा | **डच/ल्फेमिस, फ्रेन्च, जर्मन** । |
| क्षेत्रफल | ३२,५४५ वर्ग किमि । |
| संघको सबैभन्दा ठूलो इकाईको क्षेत्रफल | वालोन क्षेत्र १६,८४५ वर्ग किमि । |
| सबैभन्दा सानो इकाईको क्षेत्रफल | ब्रुसेल्स क्यापिटल क्षेत्र १६२ वर्ग किमि । |
| कुल जनसंख्या | १०,३२०,००० (२००२) । |
| संघका इकाईहरुको जनसंख्या (कुल जनसंख्याको प्रतिशत) । | ल्फेमिस क्षेत्र ५७.९%, वालोन क्षेत्र ३२.६%, ब्रुसेल्स क्यापिटल क्षेत्र ९.५ % |
| राजनीतिक प्रणाली- संघीय | **संवैधानिक राजतन्त्र** अन्तर्गत **संघीय संसदीय प्रजातन्त्र** |
| राष्ट्र प्रमुख-संघीय | **राजा**: अल्वर्ट द्वितीय । |
| सरकार प्रमुख-संघीय | **प्रधानमन्त्री**: सबैभन्दा बढी सिट प्राप्त गरेको दलको नेता वा वहुमत गठबन्धनको नेतालाई राजाले प्रधानमन्त्रीमा नियुक्त गर्ने र सो नियुक्ति संसदवाट अनुमोदन हुनुपर्ने व्यवस्था छ ।<br>नोट- **मन्त्रिपरिषद्मा फ्रेन्च र डच भाषा वोल्ने मन्त्रीहरुको संख्या बराबर हुनु पर्दछ** ।<br>नोट- १३ जुलाई २००३ देखि राजनीतिक दलहरू भिएलडि, एमआर, एसपिए, एसपिए स्प्रिट, पिएस का सदस्यहरु रहेको गठवन्धन सरकारको रहेको छ । |
| व्यवस्थापिका (सरकार)को संरचना-संघीय | **द्विसदनात्मक**: संसद<br>**उपल्लो सदन:- सिनेट**, ७१ सिट । ति मध्ये ४० सिटको लागि वालिग मताधिकारका आधारमा प्रत्यक्ष निर्वाचन हुने (२५ सिटमा डच/फ्लेमिस नागरिकहरूबाट प्रत्येक्षरुपमा निर्वाचित निर्वाचक-समूह बाट तथा १५ सिटमा फ्रेन्च नागरिकहरू बाट प्रत्येक्षरूपमा निर्वाचित निर्वाचक-समूह बाट प्रत्यक्ष रुपमा निर्वाचित हुने) । सिनेटको अरु २१ सिट मध्ये: १० सिट 'ल्फेमिस संसद' भनिने फ्लेमिश समुदायको संसदले, १० सिट फ्रेन्च समुदायको संसदले र १ सिट जर्मन भाषी सामुदायको संसदले अफुमध्ये बाट निर्वाचन गर्ने । साथै सिनेटको बाँकी १० सिट मध्ये ६ जनाको नियुक्ति फ्लेमिस समुदायका सिनेटरहरुले र ४ जनाको नियुक्ति फ्रेन्च समुदायका सिनेटरहरूले गर्ने । सिनेट सदस्यहरुको कार्यकाल ४ बर्षको हुने ।<br>**तल्लो सदन:- जनप्रतिनिधि सभा**, १५० सिट । समानुपातिक प्रतिनिधित्व र वालिग मताधिकारको आधारमा सदस्यहरु को प्रत्यक्ष निर्वाचन हुन्छ । प्रत्येक निर्वाचन-जिल्लाको जनसंख्यालाई 'संघीय-विभाजक'ले विभाजन |

| | |
|---|---|
| | गरेर आउने परिणाम अनुसार प्रत्येक निर्वाचन-जिल्लाबाट कतिवटा सिट हुने भन्ने निर्धारित हुन्छ । 'संघीय-विभाजक' भने अधिराज्यको कुल जनसंख्यालाई १५०ले भाग गरी निकालिन्छ । बाँकी रहेका सिटहरू पर्याप्त प्रतिनिधित्वको खाँचो परेका अधिक जनसंख्या भएका निर्वाचन-जिल्लाहरूमा वितरण गरिन्छ । (हाल ६२ फ्रेन्च भाषा वोल्ने र ८८ डच भाषा बोल्ने सदस्यहरू छन्) । सदस्यको कार्यकाल बढीमा ४ बर्षको हुने । |
| सबैभन्दा बढी जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | फ्लेमिश क्षेत्र (प्रदेश) (Region)- ७९ |
| सबैभन्दा कम जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | ब्रुसेल्स राजधानी (क्यापिटल) क्षेत्र (प्रदेश) (Region)- २२ |
| संघीय व्यवस्थापिकाको उपल्लो सदनमा प्रतिनिधित्वको वितरण | वितरणको लागि माथि हेर्नुहोस् । समुदायको आधारमा सिनेट सदस्यहरु यात निर्वाचित हुन्छन् यात छनौट हुन्छन् । |
| अधिकारको वितरण (शक्तिको बाँडफाँट) | **संघीय सरकारका अधिकारः** संघीय सरकारको अधिकारमा देहायका कुराहरु समावेश छन्- सामाजिक सुरक्षा, आर्थिक संघ, मौद्रिक नीति, कर, रक्षा र अन्तर्राष्ट्रिय मामिला, वैदेशिक व्यापार, बैज्ञानिक नीति, अध्यागमन, मुद्रा, बैकिङ्ग, वीमा, रेलवे दुरसंचार, स्वास्थ्य वीमा, सार्वजनिक वित्त, कानून तथा व्यवस्था । प्रान्तहरुका गभर्नर र मेयरहरुको नियुक्ति, नगरिय प्रहरी वलको संचालन सम्बन्धी मार्गनिर्देशिका वनाउने काम पनि संघीय प्रधिकार भित्र पर्दछन् । **प्रदेशहरू (क्षेत्र)का अधिकारः** प्रान्त र नगरपालिकाहरु उपर प्रादेशिक (क्षेत्रीय) सरकारहरुले सुपरीवेक्षकीय प्राधिकार राख्दछन् । सामाजिक, आर्थिक मामिला (जस्तो कि, शहरी योजना आवास, वातावरण, आर्थिक विकास, रोजगारी)मा प्रादेशिक (क्षेत्रीय) सरकारहरु प्राथमिक रुपले जिम्मेवार हुन्छन् । **सामुदायिक सरकारका अधिकार**ः शिक्षा, सांस्कृतिक मामिला, स्वास्थ्य सेवा (स्वास्थ्य वीमा वाहेक) को लागि समुदायहरु जिम्मेवार हुन्छन् । |
| अवशिष्ट अधिकार (शेषाधिकार) | **अवशिष्ट अधिकार संघीय सरकार**मा निहित छ । |
| संवैधानिक अदालत (संवैधानिक मामिलाहरु/बिषयहरु हेर्ने सबैभन्दा माथिल्लो अदालत) | **संवैधानिक अदालत (कोर्ट अफ आर्बिट्रेसन)**ः । १२ जना न्यायाधिशहरु । भाषिक समताको लागि डच र फ्रेन्च समूहमा संवैधानिक अदालतको गठन आधारित छ । अदालतमा २ जना अध्यक्ष (एकजना फ्रेन्च समुदाय र एकजना डच समुदायका) हुन्छन्) र अध्यक्षता एक पछि अर्कोले पालैसंग गर्ने गरिन्छ । |
| इकाईहरुको राजनीतिक प्रणाली | फ्लेमिश (डच), फ्रेन्च र जर्मन भाषा वोल्ने समुदायहरु प्रत्येकको आ-आफ्नो संसद (व्यवस्थापिका परिषद) साथै आ-आफ्ना व्यवस्थपिका परिषद बाट निर्वाचित कार्यकारी निकायहरू हुन्छन् । त्यस्तै वालोन र ब्रसेल्स क्यापिटल क्षेत्रहरूको पनि आ-आफ्नो व्यवस्थापिका परिषद् र सो परिषद्वाट निर्वाचित कार्यकारी निकायहरूको व्यवस्था छ । |
| सरकार प्रमुख-इकाईहरुमा | प्रादेशिक (क्षेत्रीय) व्यवस्थापिका परिषद्का सदस्यहरु ५ वर्षे कार्यकालको लागि प्रत्यक्ष रुपले निर्वाचित हुने । कार्यकारिणी अधिकार क्षेत्रीय सरकारमा निहित रहने । यसको साथै फ्लेमिश (डच), फ्रेन्च र जर्मन भाषा वोल्ने समुदायहरुको पनि प्रादेशिक (क्षेत्रीय) व्यवस्थापिका परिषद र क्षेत्रीय सरकारको सरह प्राधिकार हुने । |

**तालिका -२**
**आर्थिक तथा सामाजिक सूचकहरु**

| | |
|---|---|
| कुल गार्हस्थ उत्पादन (जिडिपि) | अमेरिकन डलर २७५.५ विलियन (पिपिपिमा) (२००२) |
| प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन | अमेरिकन डलर २६६९५ (पिपिपिमा (२००२) |
| राष्ट्रिय ऋण (वाह्य) | अमेरिकन डलर २८.३ विलियन (जुन २००३) |
| उप-राष्ट्रिय ऋण | अमेरिकन डलर ११.४ विलियन |
| राष्ट्रिय वेरोजगारी दर | ७.६% (२००२) |
| सबैभन्दा बढी वेरोजगारी दर भएको इकाई | ब्रुसेल्स क्यापिटल रिजन १६.४% |
| सबैभन्दा घटी वेरोजगारी दर भएको इकाई | ल्फान्डर्स रिजन- ५.४% |
| वयस्क साक्षरता दर | ९९% |
| शिक्षामा राष्ट्रिय खर्च कुल गार्हस्थ उत्पादनको प्रतिशत | ५.९% |
| औषत आयु (बर्षमा) | ७८.५ बर्ष (२००१) |
| संघीय सरकारको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर ६४.९ विलियन (२००२) |
| इकाईहरुको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर ५.१ विलियन (२००२) |
| इकाईहरुलाई संघको अनुदान | अमेरिकन डलर २१.२ विलियन (२००२) |
| समीकारक संयन्त्र | प्रदेशहरू (क्षेत्रहरु)को औषत प्रति व्यक्ति आयकर राजश्वलाई राष्ट्रिय औषतको तहमा ल्याउनका लागि क्षेत्रहरुलाई निशर्त अनुदान दिने व्यवस्था । |


**स्रोत सामग्रीहरु :**
Belgium, Government of, “députés par circoncscriptions.” Chambre des représentants, website: www.lawchambre.be
Belgium, Government of, “law chamber des représentants: composition”(situation au 1 er juillet 2003), website : www.lachambre.be/kvvcr/
Belgium, government of, “the regions,” website: www.belgium.be
Economist, "country briefings: Belgium,” website: www.economist.com/countries/belgium/profile.cfm?folder=profile%2dpolitical%20structure
Elections around the world,” elections in Belgium,” website: www.electionworld.org/belgium.htm
National Bank of Belgium,” Debt and Net Financial Balance of the Communities and Regions.” November 2003, website: www.nbb.be/belgostat/publicatieselectielinker?linkid=35100005619100000082&lang=e
National Bank of Belgium” receipts expenditure and net borrowing of communities and regions.” June 17 2003, website: www.nbb.be/belgostat/publicatieselectielinker?linkid=59200008419100000082&lang=e
Organization For Economic Co-Operation And Development,” Managing Across Levels Of Government Belgium.” Website: www.oecd.org/data/oecd/10/43/1902434.pdf

## ५. ब्राजिल

**तालिका १**

**राजनीतिक र भौगोलिक सूचकहरु**

| | |
|---|---|
| राजधानी शहर | ब्रासिलिया |
| संघका इकाईहरु (Constituent units) को संख्या र किसिम | **२६ वटा राज्यहरु**ः आक्रे, अलागोवास, अमापा, अमाजोनस, बहिया, सियरा, इस्पिरिटो सान्तो, गोइयास, मरानहाओ, मातो ग्रोसो, मातो ग्रोसो डोसुल, मिनास गीराइस्, पारा, पारैवा, पाराना, पर्नाम्बुको, पिआवी, रीयो दि जिनेरियो, रियो ग्रान्डे डुनोर्टो, रियो ग्रान्डे डु सोल, रोण्डोनिया, रोराईमा, सान्ता क्याटारिना, साओपाओलो, सर्जाईप, टोकान्टिन्स ।<br>**१ संघीय जिल्ला**ः ब्रासीलिया ।<br>(नोटः सन् १९८८ को संवैधानिक सुधार देखि औपचारिक तवरले मौजुदा ५५६ **नगरपालिकाहरु**लाई समेत संघका घटकहरुको रुपमा लिईएको छ । तर व्यवहारमा भने अझै २६ वटा राज्य र १ संघीय जिल्ला नै संघ का घटकहरु (ईकाई) हुन् । |
| सरकारी कामकाजको भाषा | **पोर्चुगिस** । |
| क्षेत्रफल | ८,५१४,२१५ वर्ग किमि । |
| संघको सबैभन्दा ठूलो इकाईको क्षेत्रफल | एमाजोनस- १,५७७,८२० वर्ग किमि । |
| सबैभन्दा सानो इकाईको क्षेत्रफल | सर्जाईप २२,०५० वर्ग किमि ।<br>संघीय जिल्ला (ब्रासिलिया)- ५,८२२ वर्ग किमि । |
| कुल जनसंख्या | १७८,२५६,१७२ (फेब्रुअरी २००४) |
| संघका इकाईहरुको जनसंख्या (कुल जनसंख्याको प्रतिशत) । | साओपाओलो २१.८%, मिनास गीराइस् १०.५%, रियो दी जिनेरीयो ८.५%, वहिया ७.७%, रीया ग्राण्डे डो सुल ६.०%, पराना ५.६%, पर्नाम्वुको ४.७%, सिएरा ४.४%, पारा ३.६%, मरानहावो ३.३%, सान्ता काटारिना ३.१%, गोइयास ३.०%, पराईवा २.०%, स्पिरितो सान्तो १.८%, अलगोवास १.७%, अमाजोनास १.७%, पियाउल १.७%, रियो ग्राण्डे डु नोर्टे १.६%, मातो ग्रोसो १.५%, संघीय जिल्ला (ब्रासिलिया) १.२%, मातो गोसो डोसुल १.२%, सर्जाईप १..०%, रोन्डोनिया ०.८%, टोकान्टिस ०.७%, आक्रे ०.३%, आमापा ०.३ %, रोराईमा ०.२% । |
| राजनीतिक प्रणाली- संघीय | **संघीय गणतन्त्र** |
| राष्ट्र प्रमुख-संघीय | **राष्ट्रपति**ः लुइज इनासियो लुला डा सिल्भा (२००२ देखि), वर्कर्स पार्टी । राष्ट्रपति वयस्क मताधिकारद्वारा ४ बर्षे कार्यकालको लागि निर्वाचित हुने । विद्यमान राष्ट्रपतिको कार्यकाल सकिन ठीक एक बर्ष अघि, राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव पहिलो चरणमा अक्टोबरको पहिलो आइतवारका दिन सँगसँगै हुन्छ । त्यसपछि, अवस्था अनुसार, अक्टोबरको अन्तिम आइतवारका दिन राष्ट्रपति र उपराष्ट्रपतिको दोश्रो चरणको चुनाव पनि सँगसँगै हुन्छ । |
| सरकार प्रमुख-संघीय | **राष्ट्रपति**ः लुइज इनासियो लुला डा सिल्भा । राष्ट्रपतिले मन्त्रिपरिषद् गठन गर्ने । |
| व्यवस्थापिका (सरकार)को संरचना-संघीय | **द्विसदनात्मक**ः राष्ट्रिय कांग्रेस<br>**उपल्लो सदन**ः- **संघीय सिनेट** । ८१ सिट सदस्यहरुको कार्यकाल ८ बर्षको हुने ।<br>**तल्लो सदन**ः- च्याम्बर अफ डिपुटिज, ५१३ सिट । प्रत्येक इकाई/घटक ( राज्य, प्रदेश र संघीय जिल्ला) वाट निश्चित संख्या भन्दा बढी नहुने गरी |

| | |
|---|---|
| | ३ बर्षे कार्यकालको लागि समानुपातिक प्रतिनिधित्वको आधारमा सदस्यहरुको निर्वाचन हुने । प्रत्येक राज्यले न्यूनतम ८ सिट देखि अधिकतम ७० सिट सम्म पाउंदछ । |
| सबैभन्दा बढी जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | साउ पाउलो राज्य- ७० |
| सबैभन्दा कम जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | रोराइमा राज्य- ९ |
| संघीय व्यवस्थापिकाको उपल्लो सदनमा प्रतिनिधित्वको वितरण | प्रत्येक राज्य र संघीय जिल्लालाई ३ सिट प्राप्त छ । यसरी २६ वटा राज्य र १ संघीय जिल्ला गरी जम्मा २७ वटा इकाई/घटकहरु प्रत्येक वाट ३ जनाको दरले बहुमतको आधारमा सदस्यहरु निर्वाचित हुन्छन् । |
| अधिकारको वितरण | **संघीय सरकारका अधिकारः** संविधानले २४ वटा एकल अधिकार संघीय सरकारलाई दिएको छ, जसमा विदेश मामिला, रक्षा, नागरिकता, व्यापार र वाणिज्य, भन्सार, अर्थ, बैकिङ्ग, मुद्रा र राष्ट्रव्यापी सार्वजनिक सेवाहरु समेत समावेश छन् । आर्थिक तथा सामाजिक विकासको योजना तर्जुमा र कार्यान्वयन गर्ने, देवानी, फौज्दारी, वाणिज्यिक, कृषि, श्रम तथा कार्यविधि कानून बनाउने जिम्मेवारी पनि संघीय सरकारमा छ । संघीय सरकारले राष्ट्रिय शिक्षाको लागि मार्गनिर्देशिकाहरु तयार पार्दछ । यसले प्रत्यक्ष रुपले वा अख्तियारी मार्फत रेडियो र टेलिभिजन सेवा एवं विद्युतीय उर्जा आपूर्ति र आणविक उर्जा समेत उपलब्ध गराउन सक्दछ । **समवर्ती अधिकारहरूः** १६ वटा साझा अधिकारहरुमा सर्वाजनिक स्वास्थ्य र समाज कल्याण, आवास, वातावरण, जलश्रोत तथा खनिज पदार्थको दोहण, शिक्षा, संस्कृति र कर सामेल छन् । **वाझिएको अवस्थामा संघीय कानून लागू हुन्छ ।** |
| अवशिष्ट अधिकार | अवशिष्ट अधिकार राज्यहरुमा निहित रहेको छ । |
| संवैधानिक अदालत (संवैधानिक मामिला/बिषयहरु हेर्ने सबैभन्दा माथिल्लो अदालत) | **संघीय सर्वोच्च अदालतः** ११ जना न्यायाधिश । राष्ट्रपतिबाट नियुक्त हुने र सिनेटले अनुमोदन गर्नु पर्ने । |
| इकाईहरुको राजनीतिक प्रणाली | **एक सदनात्मक व्यवस्थापिका सभा** । चार बर्षे कार्यकालका लागि आम निर्वाचनवाट सदस्यहरु निर्वाचित हुने । प्रत्येक राज्यको आफ्नै निर्वाचन क्षेत्र हुन्छ । |
| सरकार प्रमुख- इकाईहरुमा | **गर्भनरः** चार बर्षे कार्यकालको लागि प्रत्यक्ष रुपले निर्वाचित हुने । |

**तालिका -२**
**आर्थिक तथा सामाजिक सूचकहरु**

| | |
|---|---|
| कुल गार्हस्थ उत्पादन (जिडिपि) | अमेरिकन डलर १.३१ ट्रिलियन (पिपिपिमा) (२०००) |
| प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन | अमेरिकन डलर ७,५१६.४ पिपिपि (२०००२) |
| राष्ट्रिय ऋण (वाह्य) | अमेरिकन डलर २३३.९ विलियन (२००४) |
| उप-राष्ट्रिय ऋण | अमेरिकन डलर ११.६ विलियन (अक्टोवर २००३) |
| राष्ट्रिय वेरोजगारी दर | १२.९ % (अक्टोबर २००३) |
| सबैभन्दा बढी वेरोजगारी दर भएको इकाई | साल्भाडोक- १५.७ % (डिसेम्बर २००३) |
| सबैभन्दा घटी वेरोजगारी दर भएको | पोर्टो अलेग्रे- ९.४ (डिसेम्बर २००३) |

| | |
|---|---|
| इकाई | |
| वयस्क साक्षरता दर | ८७.३% |
| शिक्षामा राष्ट्रिय खर्च कुल गार्हस्थ उत्पादनको प्रतिशत | ४.७% |
| औषत आयु (बर्षमा) | ६७.८ |
| संघीय सरकारको राजश्व -कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर ९८ विलियन (२००२) |
| इकाईहरुको राजश्व -कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर २८.५ विलियन (जनवरी- सेप्टेम्बर २००३) |
| इकाईहरुलाई संघको अनुदान | अमेरिकन डलर १६.२ विलियन (जनवरी -अक्टोवर २००३) |
| समीकारक संयन्त्र | निश्चित प्रतिशतका आधारमा संघीय कर राजश्व राज्यहरुलाई उपलव्ध गराइन्छ । |

**स्रोत सामग्रीहरु :**


Afonoso.Jose Roberto and Luiz de Melo, " Brazil: An Evolving Federation." November 2000. Available from International Monetary Fund web site: http-0://www.imf.org/external pubs/ft/seminar/2000/fiscal afonso .pdf.

Banco Central do Brasil, " Economic Indicators: Selected Countries- Total External Debt," Gross inflow of federal revenues," Major sources of states and municipalities, " Primary result of the central government," Public Sector Net Debt,"

Unemployment by metropolitan region," 2003. web site" http:// www.bcb gov.br/ingles/

Brazil, Government of , web site:http://www.brasil. gov.br

Instituto Brasileiro de Geografia e Estadistica, " Estimated Population" web site: http// www. ibge.gov.br/

International constitutional Law: constitution of Brasil 1993: Available from Uhniversitat

Bern-Institut fur offendiches Recht web site: http:// www.oefre. unibe.ch/law/ici/br_indx.html

World Bank, "Quick Reference Tables: Darta and Statistics." 2003.web site: http:// www.worldbank. org/data quickreference/quickref.html

World dictory of Parliamentary Libraris: Brazil, Available from german Bundestag web site: http:// www.bundestag.de/bic/bibliothek/library/brazihuml

# ६. बोस्निया र हर्जगोभिना

**तालिका १**

**राजनीतिक र भौगोलिक सूचकहरु**

| | |
|---|---|
| राजधानी शहर | साराजेभो । |
| संघका इकाईहरु (Constituent units) को संख्या र किसिम | **२ वटा निकायहरुः** वोस्निया र हर्जगोभिनाको फेडेरेशन (संघ) र रिपव्लिका स्रप्स्का (स्रप्स्का गणतन्त्र) ।<br>**१ जिल्लाः** ब्राको (स्रप्स्का भित्र रहेको) |
| सरकारी कामकाजको भाषा | **वोस्नियाली, क्रोयशियाली, सर्वियाली ।** |
| क्षेत्रफल | ५१,२०९ वर्ग किमि । |
| संघको सबैभन्दा ठूलो इकाईको क्षेत्रफल | वोस्नियाली-क्रोयट संघ- २६,०७६ वर्ग किमि । |
| सबैभन्दा सानो इकाईको क्षेत्रफल | रिपव्लिका स्रप्स्का- २५,०५३ वर्ग किमि । |
| कुल जनसंख्या | ४,१२१,००० (२००२) । |
| संघका इकाईहरुको जनसंख्या (कुल जनसंख्याको प्रतिशत) | संघीय बोस्निया-क्रोट संघ ६१%, रिपब्लिका स्रप्स्का ३९% । |
| राजनीतिक प्रणाली- संघीय | **प्रजातान्त्रिक गणतन्त्र-संसदीय प्रणाली ।** |
| राष्ट्र प्रमुख-संघीय | **राष्ट्रपति मण्डलः** राष्ट्रपति ड्रागान कोभिक (२७ जुन २००३) । गणतन्त्रमा तीन जनाको राष्ट्रपति मण्डलको व्यवस्था छ । आलोपालो गरी प्रत्येक आठ आठ महिनामा एक पटक सर्व, अर्को पटक वोस्नेयाली मुस्लिम र त्यसपछि क्रोयशियाली राष्ट्रपति हुनेः- क्रमशः सर्वियाली प्रजातान्त्रिक दल, मुश्लिम पार्टी अफ डेमोक्रेटिक एक्सन र क्रोयशियाली प्रजातान्त्रिक संघबाट । राष्ट्रपति मण्डलका सदस्यहरु तीन वटा जातीय समूहहरुवाट चार बर्षे कार्यकालको लागि निर्वाचित हुन्छन् । ५ अक्टोवर २००२ मा पछिल्लो निर्वाचन भएको (र अर्को निर्वाचन २००६ मा हुने भएको) । |
| सरकार प्रमुख-संघीय | **प्रधानमन्त्री/मन्त्रिपरिषद्को अध्यक्षः** एडनान टेर्जिक (२००२) । प्रधानमन्त्री/मन्त्रिपरिषद्को अध्यक्षको नियुक्ति राष्ट्रपति मण्डलवाट हुने र राष्ट्रिय प्रतिनिधिसभावाट अनुमोदन हुनु पर्ने व्यवस्था छ । त्यसपछि प्रधानमन्त्री/मन्त्रिपरिषद्को अध्यक्षको सिफारिशमा राष्ट्रिय प्रतिनिधि सभावाट मन्त्रिपरिषद् गठन हुने व्यवस्था छ । |
| व्यवस्थापिकाको संरचना-संघीय | **द्विसदनात्मकः संसद** (स्कुप्स्टीना) ।<br>**उपल्लो सदनः जनसभा/जनताको सभामा (डोमनरोदा)**, १५ सदस्य रहन्छन्, जसमध्ये वोस्निया-क्रोयट संघ (फेडेरेशन)को प्रतिनिधिसभाबाट बोस्नियाली ५ र क्रोयशियाली सदस्यहरु ५ निर्वाचित हुने । स्रप्स्का गणतन्त्रको राष्ट्रिय सभाले ५ जना सर्बेयाली सदस्यहरु निर्वाचित गर्दछन् । सदस्यको कार्यकाल ४ बर्षको हुन्छ ।<br>**तल्लो सदनः- प्रतिनिधिसभा (प्रेद्रस्ताभ्नीकिडोम)**, जम्मा ४२ सदस्य, दुई तिहाई (२८) सदस्य वोस्नियाली क्रोयट फेडेरेशनवाट र एक तिहाई (१४) सदस्य रिपव्लिका स्रप्स्कावाट निर्वाचित हुन्छन् । ४ बर्षे कार्यकालको लागि आम निर्वाचनवाट सदस्यहरु निर्वाचित हुने । |
| सबैभन्दा बढी जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | वोस्निया र हर्जगोभिना संघ २८ सदस्य (१४ वोस्नियाली र १४ क्रोयसियाली) । |
| सबैभन्दा कम जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो | रिपव्लिका स्रप्स्का(स्रप्स्का गणतन्त्र बाट)- १४ सदस्यहरु (सर्वेयाली) । |

| | |
|---|---|
| सदनमा प्रतिनिधिहरुको संख्या | |
| संघीय सरकारको उपल्लो सदनमा प्रतिनिधित्वको वितरण | जम्माः १५:- त्यसमध्ये दुई तिहाई प्रतिनिधिहरु वोस्नियाली-क्रोयशियाली संघ बाट (५ जना क्रोयट र ५ जना वोस्नियाली समेत) र एक तिहाई (५) रिपब्लिका स्रप्स्का (स्रप्स्का गणतन्त्र) बाट निर्वाचित हुने । |
| अधिकारको वितरण (शक्ति बाँडफाँट) | **संघीय सरकारका अधिकारः** संविधानले दश वटा अधिकार संघीय सरकारलाई दिएको छः जसमा विदेश नीति, व्यापार, भन्सार, मौद्रिक नीति, शरणार्थी र अध्यागमन, र अन्तर्राष्ट्रिय र अन्तर-घटक/निकाय फौज्दारी कानून, हवाई यातायात नियन्त्रण र अन्तर्राष्ट्रिय दायित्वको भुक्तानी समेतका बिषयहरु पर्दछन् । **घटक/निकायहरूको अधिकारः** घटक/निकायहरुले सीमा नियन्त्रण गर्दछन् र व्यवहारमा संघीय सरकारलाई कर, भन्सार र अन्य राजश्व निर्धारण गर्ने वित्तीय अधिकार छैन । |
| अवशिष्ट अधिकार (शेषाधिकार) | अवशिष्ट अधिकार **घटक/निकायहरुमा** रहने । |
| संवैधानिक अदालत (संवैधानिक मामिला/बिषयहरु हेर्ने सबैभन्दा माथिल्लो अदालत) | **संवैधानिक अदालतः** ९ सदस्यीय । वोस्नियाली-क्रोयसियाली संघवाट ४ जना र रिपब्लिका स्रप्स्काको सभावाट २ जना छनौट हुने । वांकी ३ जना सदस्यहरु राष्ट्रपति मण्डलसंग परामर्श गरी मानव अधिकारको युरोपेली अदालतबाट छनौट हुने । |
| इकाईहरुको राजनीतिक प्रणाली | वोस्नियाली-क्रोयसियाली संघमा **द्विसदनात्मक संसदीय सभा** छ- प्रतिनिधिसभा र जनसभा । प्रतिनिधिसभाका सदस्यहरु (१४० सिट) आम निर्वाचनवाट ४ बर्षे कार्यकालको लागि निर्वाचित हुन्छन् । पछिल्लो निर्वाचन सन् २००२ मा सम्पन्न भएको थियो । जनसभाका सदस्यहरु (७२ सिटः ३० वोस्नेयाली, ३० क्रोयट र १२ अन्य) २ बर्षे कार्यकालको लागि निर्वाचित हुन्छन् ।<br>स्रप्स्का गणतन्त्रको राष्ट्रिय सभा **एकसदनात्मक** छ र यसमा आम मतदान (लोकप्रियताको मतदान) बाट ४ बर्षे कार्यकालको लागि ८३ सदस्यहरू निर्वाचित हुन्छन् । |
| सरकार प्रमुख-इकाईहरुमा | वोस्निया र हर्जगोभिना संघको राष्ट्रपति । राष्ट्रपति र उपराष्ट्रपति प्रत्येक वर्ष आलोपालो हुने । रिपब्लिका स्रप्स्काको राष्ट्रपति । |

**तालिका -२**
**आर्थिक तथा सामाजिक सूचकहरु**

| | |
|---|---|
| | |
| कुल गार्हस्थ उत्पादन (जिडिपि) | अमेरिकन डलर २२.८ विलियन (पिपिपि मा) (२००२) |
| प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन | अमेरिकन डलर ५५३७ (पिपिपिमा) (२००२) |
| राष्ट्रिय ऋण (वाह्य) | अमेरिकन डलर २.२६ विलियन (२००१) |
| उप-राष्ट्रिय ऋण | उपलव्ध नभएको |
| राष्ट्रिय वेरोजगारी दर | ४१.४% (डिसेम्बर २००२) |
| सबैभन्दा बढी वेरोजगारी दर भएको इकाई | वोस्नेयाली- क्रोयशियाली संघ - ४०.४% |
| सबैभन्दा घटी वेरोजगारी दर भएको इकाई | रिपब्लिका स्रप्स्का- ४०.२% |
| वयस्क साक्षरता दर | ९३% |
| शिक्षामा राष्ट्रिय खर्च कुल गार्हस्थ | ५.२ |

| | |
|---|---|
| उत्पादनको प्रतिशत | |
| औषत आयु (बर्षमा) | ७३.८ |
| संघीय सरकारको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर १९.७ मिलियन (२००२ को प्रक्षेपण) |
| इकाईहरुको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर ८२२.४ मिलियन (२००२ को प्रक्षेपण) |
| इकाईहरुलाई संघको अनुदान | संघीय वजेटको लागि चाहिने दुई तिहाई राजश्व वोस्नियाली-क्रोयशियाली संघले र एक तीहाई राजश्व रिपव्लिका स्रप्स्काले उपलब्ध गराउने । |
| समीकारक संयन्त्र | घटक/निकाय, क्यान्टोन र नगरपालिकाहरुमा वित्तीय बजेट उच्चतर रुपमा विकेन्द्रित छ । |

**स्रोत सामग्रीहरु :**


Bosnia-Herzegovina, Government Of, Federal Office Of Statistics, “Annual Statistical Information:”Gross Domestic Product, "website: www.fzs.ba/eng/anualy11.htm

Central bank of Bosnia-Herzegovina, annual report.2002, website: www.cbbh.gov.ba/en/pub.html

East European Constitutional Review. Fall 1999.Volume8 No4.Avaliable From New York University School Of Law, website: www.law.niu.edu/eecr/vol8num4/constitutionwatch/bosnia.htm

“International Constitutional Law: Constitution Of Bosnia-Herzegovina.”1995.Avaliable From Universitát Bern-Institut Fur Offentliches Recht website: www.oefre.unibe.ch /law/icl/bkooooo_html

Nudzeim Recica. Bosnia-Herzegovina: Fiscal Policy And Budget. April2001.Conference Prepaid For The Forum On Fiscal Decentralization In Bosnia-Herzegovina. Available From Fiscal Decentralization Initiative For Central And Eastern Europe website; www.lgi.osi.hu/fdi/publications/20010427/tocontents.htm

See online-who is who database: Niko Lozancic. Available from South East Europe online www.southeasteurope.og/subpage.php?sub_site=30&w_id=270

World Bank,” Global Development Finance 2003-Striving For Stability In Development Finance: Total External Debt Of Developing Countries 1995-2001,”web site www.worldbank.org/prospects/gdf2003/vol2tables.htm

World Bank, ”Quick Reference Tables: Data And Statistics.’2003, web site www.worldbank.org/data/quickreference/quickref.html

## ७. क्यानडा

**तालिका १**

**राजनीतिक र भौगोलिक सूचकहरु**

| | |
|---|---|
| राजधानी शहर | ओटावा |
| संघका इकाईहरु (Constituent units) को संख्या र किसिम | **१० वटा प्रान्तहरुः** अल्वर्टा, ब्रिटिश कोलम्बिया, मानिरोवा, न्यून ब्रुन्सविक, न्यू फाउण्डल्याण्ड र लाब्राडोर, नोभास्कोटिया, ओन्टारियो, प्रिन्स एडवर्ड टापु (आइलेण्ड), क्यूबेक, सास्काचेवान ।<br>**३ वटा इलाकाहरु (टेरिटोरी)**ः उत्तर-पश्चिम (नर्थवेष्ट) इलाका, नुनाभूत, र युकोन । |
| सरकारी कामकाजको भाषा | **अंग्रेजी र फ्रान्सेली** |
| क्षेत्रफल | ९,९८४,६७० वर्ग किमि |
| सबैभन्दा ठूलो संघको इकाईको क्षेत्रफल | क्यूबेकः-१,५४२,०५६ वर्ग किमि |
| सबैभन्दा सानो इकाईको क्षेत्रफल | प्रिन्स एडवर्ड टापु (आइलैण्ड):-५,६६० वर्ग किमि |
| कुल जनसंख्या | ३१,५५९,१८६ (अप्रिल २००३) |
| संघका इकाईहरुको जनसंख्या (कुल जनसंख्याको प्रतिशत) । | ओन्टारियो ३८.४%, क्यूवेक २३.७%, ब्रिटिश कोलम्बिया १३.२%, अलवर्टा ९.९%, मानिटोवा ३.७%, सास्काचेवान ३.२%, नोभास्कोटिया ३.० %, न्यूब्रुन्सविक २.४%, न्यू फाउण्डल्याण्ड र लार्वाडोर १.७%, प्रिन्स एडवर्ड आइलैण्ड ०.४%, नर्थ वेष्ट इलाका ०.१३%, युकोन ०.१०%, नुनाभूत ०.०९% । |
| राजनीतिक प्रणालीः- संघीय | संघीयः- **संसदीय प्रणाली** । |
| राष्ट्र प्रमुखः-संघीय | **रानी/राजा**ः रानी एलिजावेथ द्धितीय । क्यानडामा रानीको प्रतिनिधि गभर्नर जनरल हुन्छ र हाल यसमा एडराइनी ल्कार्सकोन छन् । गभर्नर जनरल प्रधानमन्त्रीको सिफारिशमा रानीवाट नियुक्त हुने । |
| सरकार प्रमुखः-संघीय | **प्रधानमन्त्री**ः प्रधानमन्त्री पाउल मार्टिन (१२ डिसेम्बर २००३), लोकसभामा सबैभन्दा बढी सिट ल्याउने क्यानडाको लिवरल पार्टीको नेता । आम मतदानको माध्यमबाट ५ बर्षे कार्यकालको लागि निर्वाचित हुने । पुनः निर्वाचन हुने व्यवस्था छ । |
| व्यवस्थापिकाको संरचना-संघीय | **द्विसदनात्मकः संसद ।**<br>**उपल्लो सदनः- सिनेट**, १०५ सदस्य, प्रधानमन्त्रीको सल्लाहमा गभर्नर जनरलले प्रादेशिक/क्षेत्रीय (रिजनल) आधारमा नियुक्त गर्ने । उनीहरूको पद ७५ बर्ष नपुगेसम्म बहाल रहने ।<br>**तल्लो सदनः- लोक सभा**, ३०१ सदस्य, बढीमा ५ बर्षे कार्यकाल (पुनः निर्वाचित हुनसक्ने) को लागि एकल सदस्यीय निर्वाचन क्षेत्रहरूबाट निर्वाचित हुने । |
| सबैभन्दा बढी जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | ओन्टारियो- १०३ । |
| सबैभन्दा कम जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | प्रिन्स एडवर्ड टापु (आइलैण्ड)- ४ । |
| संघीय सरकारको उपल्लो सदनमा प्रतिनिधित्वको वितरण | **सिनेट**ः सिनेट प्रान्तीय भन्दा प्रादेशिक/क्षेत्रीय प्रतिनिधित्वमा आधारित छ । सिनेटका २४ जना सदस्यहरू समुद्री द्वीपीय (म्यारिटाइम) प्रान्तहरु (न्यू ब्रुन्सविक, नोमास्कोटिया, प्रिन्स एडवर्ड आइलैण्ड) बाट, २४ जना |

| | |
|---|---|
| | क्यूवेकवाट, २४ जना ओन्टारियोवाट, २४ जना पश्चिम क्षत्रीय प्रान्तहरु ( अल्बर्टा, ब्रिटिश कोलम्बिया, मानिटोवा, सास्कावाचेवान) बाट, ६ जना न्यूफाउण्डल्याण्ड र लाब्राडोरवाट र प्रत्येक इलाकाहरु (टेरिटोरी); नर्थवेष्ट, नुनाभूत, र युकोन बाट एक एक जना निर्वाचित हुने । |
| अधिकारको वितरण (शक्तिको बाँडफाँट) | **संघीय सरकारका अधिकार**ः संविधानले २९ वटा अधिकारहरु संघीय सरकारलाई दिएको छ । जस अन्तर्गत कर, राष्ट्रिय सुरक्षा, व्यापार र वाणिज्य, फौज्दारी कानून, विवाह र सम्बन्ध विच्छेद, मुद्रा, टक्सार, प्रतिलिपि अधिकार, पेटेन्ट, र राष्ट्रव्यापी सेवाहरु समेत पर्दछन् । **प्रान्तीय सरकारका अधिकार**ः प्रान्तहरुलाई १६ वटा कुराहरुमा एकलौटी अधिकार छ । जसमध्ये, प्रान्तभित्र प्रत्यक्ष कर, प्रान्तमा शिक्षा, सम्पत्ति र नागरिक अधिकार तथा प्रान्तमा न्याय प्रशासनका अधिकारहरू पर्दछन् । **समवर्ती अधिकार**ः संघीय सरकार र प्रान्तहरुले कृषि तथा अध्यागमन एवं निबृत्तभरण र परिपूरक फाईदाहरुको सम्बन्धमा कानून बनाउन सक्ने समवर्ती अधिकार राख्दछन् । |
| अवशिष्ट अधिकार (शेषाधिकार) | **संघीय सरकारमा** अवशिष्ट अधिकार रहने । |
| संवैधानिक अदालत (संवैधानिक मामिला/विषयहरु हेर्ने सबैभन्दा माथिल्लो अदालत) | **क्यानडाको सर्वोच्च अदालत** ।, प्रधानन्यायाधिशको नेतृत्वमा ९ जना न्यायाधीश हुन्छन् । यी न्यायाधीशहरूको नियुक्ति प्रधानमन्त्रीको सिफारिशमा गभर्नर जनरलले गर्ने । |
| इकाईहरुको राजनीतिक प्रणाली | **एक सदनात्मकः व्यवस्थापिका सभा** । बढीमा ५ वर्षे कार्यकालको लागि सदस्यहरुको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत हुन्छ । पुनः निर्वाचित हुनसक्ने वयवस्था छ । |
| सरकार प्रमुख-इकाईहरुमा | **राष्ट्र प्रमुखः रानीको प्रतिनिधि**, **लेफ्टेनन्ट-गभर्नर** भनिने । प्रधानमन्त्रीको सिफारिशमा गभर्नर जनरलबाट नियुक्त हुने ।<br>**सरकार प्रमुखः प्रधानमन्त्री** । व्यवस्थापिकामा सबैभन्दा बढी सिट ल्याउने दलको नेता । कार्यकालः वढीमा ५ बर्ष । पुनः निवाचित हुन सक्ने । |

**तालिका -२**
**आर्थिक तथा सामाजिक सूचकहरु**

| | |
|---|---|
| कुल गार्हस्थ उत्पादन (जिडिपि) | अमेरिकन डलर ९४०.१ विलियन पिपिपिमा (२००२) |
| प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन | अमेरिकन डलर २९९०० पिपिपिमा (२००२ |
| राष्ट्रिय ऋण (वाह्य) | अमेरिकन डलर १.९ विलियन |
| उप-राष्ट्रिय ऋण | अमेरिकन डलर १५८.९ विलियन (२००२) |
| राष्ट्रिय वेरोजगारी दर | ७.४% (डिसेम्बर २००३) |
| सबैभन्दा बढी वेरोजगारी दर भएको इकाई | न्यूफाउण्डेडल्याण्ड र लाब्राडोक- १६.७% |
| सबैभन्दा घटी वेरोजगारी दर भएको इकाई | मानीटोवा-५.०% |
| वयस्क साक्षरता दर | ९९% |
| शिक्षामा राष्ट्रिय खर्च कुल गार्हस्थ उत्पादनको प्रतिशत | ५.५% |
| औषत आयु (बर्षमा) | ७९.२ |
| संघीय सरकारको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर १३८.२ विलियन (२००३) |

| | |
|---|---|
| इकाईहरुको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर १७६.७ विलियन (२००३) |
| इकाईहरुलाई संघको अनुदान | अमेरिकन डलर ३७ विलियन (२००३) |
| समीकारक संयन्त्र | प्रान्तहरु बीच तेर्सो समीकरणका तीन वटा मुख्य संयन्त्रहरु छन्: 'क्यानडा स्वास्थ्य तथा सामाजिक हस्तान्तरण कार्यक्रम' "पाँच प्रान्तको मापदण्ड" ("Five province standard") का आधारमा गरिने समिकरण भुक्तानी र 'इलाका सूत्र'मा आधारित आर्थिक सहयोग । (Territorial Formula Financing)। |

**स्रोत सामग्रीहरु :**


Canada, Government of, web site: http://www.canada.gc.ca
Canada, Government Of, Department Of Finance, "Transfer Payments To Provinces." December 2003, web site: http://www.fin.gc.ca/FEDPROV/FTPTe.html
Canada, Government Of, "Parliament," web site: http://www.parl.gc.ca/
Canada, government of statistics Canada, "Canadian Statistics: The State," Economic Indicators-Canada, "Demographic Statistics," "Provincial And Territorial General Government, Assets, Liabilities And Debt."2003, web site: http://www.statcan.ca/english/pgdb/govern.htm#rev
Organization For Economic Co-operation And Development, "Managing Across Levels Of Government: Canada," web site: http://www.oecd.org/dataoecd/10/44/1902443.pdf
Organization For Economic Co-Operation And Development, "OECD In Figures: Statistics On The Member Countries."September 2003. web site: http://www.oecd.org/publications/e-book/0103061e.pdf "review of commonwealth-state funding, background paper." December 2001 Avaliable form review of common wealth state funding web site: http://www.reviewcommstatefunding.com.an/library/.............

## ८. कोमोरोस

**तालिका १**

**राजनीतिक र भौगोलिक सूचकहरु**

| | |
|---|---|
| राजधानी शहर | मोरोनी |
| संघका इकाईहरु (Constituent units) को संख्या र किसिम | **३ वटा टापुहरू (आइल्याण्डहरु)**:- ग्राण्डे कोमोरोस (ङाजिड्जा), अन्जुवान (नज्वानी) र मोहेली (म्वाली) टापुहरू । |
| सरकारी कामकाजको भाषा | **कोमोयिन, अरवि र फ्रेन्च ।** |
| क्षेत्रफल | १,८६२ वर्ग किमि<br>**नोट**: यसमा मायोटी टापु (आइलैण्ड)को क्षेत्रफल समावेश छैन, जुन कोमोरोस टापुहरू (आइलैण्डस्) आर्किपेलागोको भाग त हो तर यो फ्रान्सको प्रशासन अन्तर्गत छ । |
| सबैभन्दा ठूलो संघको इकाईको क्षेत्रफल | ग्राण्डे कोमोरोस (ङाजिड्जा)- १,१४६ वर्ग किमि । |
| सबैभन्दा सानो इकाईको क्षेत्रफल | मोहेली(म्वाली)-२११ वर्ग किमि । |
| कुल जनसंख्या | ५८६,००० (२००२) । |
| संघका इकाईहरुको जनसंख्या (कुल जनसंख्याको प्रतिशत) । | ग्राण्डे कोमोरोस ५१.३%, अन्जुवान ४३.१%, मोहेली ५.६ % |
| राजनीतिक प्रणाली- संघीय | **गणतन्त्र** |
| राष्ट्र प्रमुख-संघीय | **युनियनको राष्ट्रपतिः** अजाली आसुमानी (१९९९/२००२) ।<br>५ बर्षे कार्यकालको लागि आम निर्वाचनवाट राष्ट्रपति निर्वाचित हुन्छ । पुनः निर्वाचित हुनसक्ने व्यवस्था छ ।<br>नोटः अन्य दुई उम्मेदवारहरुले सन् २००२ को राष्ट्रपतीय निर्वाचनको दोस्रो चरण वहिष्कार गरेका थिए । |
| सरकार प्रमुख-संघीय | **प्रधानमन्त्रीः** प्रधानमन्त्री र मन्त्रिपरिषद्को नियुक्ति राष्ट्रपतिले संघीय सभाबाट गर्दछ ।<br>नोट- सन् २००२ को निर्वाचन पछि, राष्ट्रपति अजाली आसुमानीले प्रधानमन्त्री नियुक्त नगरी आफैले सरकार प्रमुखको भूमिका लिएकाछन् । |
| व्यवस्थापिकाको संरचना-संघीय | **एक सदनात्मकः संघीय सभा**, जम्मा ३० सिट । जसमध्ये प्रत्येक टापु (आइलैण्ड)का स्थानीयसभा बाट ५/५ जनाको दरले नियुक्त हुने जम्मा १५ सदस्य र वांकी १५ जना सदस्यहरु वालिग मताधिकारको आधारमा निर्वाचित हुने । सदस्यहरूको कार्यकाल ५ बर्षको हुने । |
| संघीय सरकारमा प्रतिनिधित्वको वितरणः युनियनको सभा | ३ वटा टापुहरू (आइलैण्डहरु) मध्ये प्रत्येकले संघीय सभामा ५ जना प्रतिनिधि पठाउने । |
| अधिकारको वितरण | **संघीय सरकारको अधिकारः** धर्म, नागरिकता, मुद्रा, बैदेशिक मामिला रक्षा र राष्ट्रिय संकेतहरुमा संघीय सरकारको एकल अधिकार छ । **टापुहरूको स्वायत्त अधिकारः** संविधानले संघीय जिम्मेवारी अन्तर्गत नपरेका बिषयहरुमा टापूहरू (आइल्याण्डहरु)लाई स्वायत्तता दिएको छ । टापुहरुलाई उच्च तहको वित्तीय स्वतन्त्रता छ । |
| अवशिष्ट अधिकार (शेषाधिकार) | **टापु (आइल्याण्ड)हरुमा** अवशिष्ट अधिकार निहित छ । |
| संवैधानिक अदालत (संवैधानिक मामिला/बिषयहरु हेर्ने सबैभन्दा माथिल्लो अदालत) | **संवैधानिक अदालत** । संवैधानिक अदालतका २ जना सदस्य राष्ट्रपतिवाट आजीवन कार्यकालको लागि नियुक्त हुने, २ जना संघीय सभावाट नियुक्त हुने र प्रत्येक टापु (आइलैण्ड)का सभावाट एक एक जना सदस्य नियुक्त हुने व्यवस्था छ । गणतन्त्रका पूर्व राष्ट्रपतिहरु पनि अदालतका सदस्य |

| | |
|---|---|
| | हुन्छन् । |
| इकाईहरुको राजनीतिक प्रणाली | **एक सदनात्मकः - सभा**, आम निर्वाचनवाट निर्वाचित हुने । |
| सरकार प्रमुख-इकाईहरुमा | **राष्ट्रपति**, आम निर्वाचनवाट निर्वाचित हुने । |

**तालिका- २**
**आर्थिक तथा सामाजिक सूचकहरु**

| | |
|---|---|
| | |
| कुल गार्हस्थ उत्पादन (जिडिपि) | अमेरिकन डलर ९६१ मिलियन (पिपिपिमा) (२००२) |
| प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन | अमेरिकन डलर १,६४० पिपिपिमा (२००२) |
| राष्ट्रिय ऋण (वाह्य) | अमेरिकन डलर २४६ मिलियन (२००१) |
| उप-राष्ट्रिय ऋण | उपलव्ध नभएको |
| राष्ट्रिय वेरोजगारी दर | २०% |
| सबैभन्दा बढी वेरोजगारी दर भएको इकाई | उपलव्ध नभएको |
| सबैभन्दा घटी वेरोजगारी दर भएको इकाई | उपलव्ध नभएको |
| वयस्क साक्षरता दर | ५६% (२००१) |
| शिक्षामा राष्ट्रिय खर्च कुल गार्हस्थ उत्पादनको प्रतिशत | ३.८% |
| औषत आयु (बर्षमा) | ६०.२ |
| संघीय सरकारको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | उपलव्ध नभएको |
| इकाईहरुको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | उपलव्ध नभएको |
| इकाईहरुलाई संघको अनुदान | अमेरिकन डलर १.८ मिलियन (२००१) अन्जुवान वाहेक । |
| समीकारक संयन्त्र | संघीय (युनियन) कर राजश्वको कति हिस्सा टापुहरू (आइल्याण्डहरु)लाई हस्तान्तरण गरिने भन्ने व्यवस्था मूल कानून (Organic law) ले गरेको छ । संघको वार्षिक आर्थिक कानून संरचनाभित्र रहेर यो वितरण गरिन्छ । |

**स्रोत सामग्रीहरु :**


Agenda des Comoros 2003. Comoros web site: http://www.agendadescommores.com/geo.html
Comoros: Constitution de l'Union des comores. 23 December 2001. Available from Droit Francophone web site:
http://www.portail.droit.francophonie.org/doc/html/km/con/2001dfkmco1.html
Encyclopedia Britannica, "Comoros." web site:
http://www.britannica.com/eb/article?eu=124016&tocid=o&query=comoros&ct=eb
International Monetary Fund, "IMF Country Report: Comoros." August 2001, web site:
http://www.imf.org/external/pubs/ft/scr/2001/2001/cro1135.pdf
Kansas State University, "Comoros," web site: http://www.ksu.edu/sasw/comoros/comors.html
United Nations Development Program, Human Development Report 2003: Human development Index : 2003, web site:
http://www.undp.org/hdr2003/pdf/hdr2003/pdf/hdro3_HDI.pdf
World Bank, "Global Development Finance 2003 –Striving for stability in development Finance: Total External Debt of developing Countries 1995-2001."
web site: http://www.worldbank.org/prospect/gdf2003/vol2tables.htm

World Bank, “Quick Reference Tables: Data and Statistics.” 2003, web site:
http://www.worldbank.org/data/quickreferences/quickref.html

## ९. इथियोपिया

**तालिका १**

**राजनीतिक र भौगोलिक सूचकहरु**

| | |
|---|---|
| राजधानी शहर | अदिश अवावा । |
| संघका इकाईहरु (Constituent units) को संख्या र किसिम | **९ वटा सदस्य राज्यहरु/प्रादेशिक (क्षेत्रीय) राज्यहरुः** अफर, अम्हारा, वेनिशाङ्गुल/गुमुज, गाम्बेला, हरार, ओारोमिया, सोमाली, दक्षिणी राष्टहरू/राष्ट्रियताहरू/जनजातिहरूको राज्य, र टिग्रे ।<br>**संविधानमा प्रदत्त दुई शहरहरु (Chartered Cities)**: आदिश अवावा र दिरे दावा । |
| सरकारी कामकाजको भाषा | **अम्हारिक ।** |
| क्षेत्रफल | उपलव्ध नभएको (इरिट्रियासंगको सीमा टुङ्गो लागि नसकेकोले) । |
| सबैभन्दा ठूलो संघको इकाईको क्षेत्रफल | ओरोमिया - ३५३,६९० वर्ग किमि । |
| सबैभन्दा सानो इकाईको क्षेत्रफल | गाम्बेला- २५,२७४ वर्ग किमि । |
| कुल जनसंख्या | ६७,३३५,००० (२००२) । |
| संघका इकाईहरुको जनसंख्या (कुल जनसंख्याको प्रतिशत) । | ओरोमिया ३५.२%, अम्हारा २५.६%, दक्षिणी राष्ट्र/राष्ट्रियता र जनक्षेत्र १९.७%, टिग्रे ५.८%, सोमालिया ५.८%, सविधान प्रदत्त शहर अदिश अवावाको ३.९%, अफर १.९%, वोनिसहंगुल/गुमुज ०.८%, सविधान प्रदत्त शहर दिरेदावा ०.५%, गाम्बेला ०.३%, हरार ०.३% । |
| राजनीतिक प्रणाली- संघीय | **संघीय गणतन्त्र- संसदीय व्यवस्था ।** |
| राष्ट्र प्रमुख-संघीय | **राष्ट्रपतिः** राष्ट्रपति गिर्मा ओल्देजिओरगिस (२००१) । जनप्रतिनिधिसभा (तल्लो सदन) बाट मनोनित भई संसदको संयुक्त अधिवेशनको दुई तिहाई वहुमतवाट राष्ट्रपति निर्वाचित हुन्छ । राष्ट्रपतिको कार्यकाल ६ बर्षको हुन्छ । ८ अक्टोवर २००१ मा पारित कानून अनुसार राष्ट्रपति कुनै दलमा संलग्न नभएको र स्वतन्त्र व्यक्ति हुनु पर्दछ । |
| सरकार प्रमुख-संघीय | **प्रधानमन्त्रीः** प्रधानमन्त्री मेलेस जिनावी (१९९५-२०००) ले २४ दलहरुको गठबन्धन (इथियोपियाली जनताको क्रान्तिकारी लोकतान्त्रिक मोर्चा)को नेतृत्व गरिरहेका छन् । प्रधानमन्त्री जनप्रतिनिधिसभा (तल्लो सदन) का सदस्यहरूले आफुमध्येबाट निर्वाचित गर्दछन् । मन्त्रिपरिषद्को छनौट प्रधानमन्त्रीले गर्ने र जन प्रतिनिधिसभा (तल्लो सदन) बाट अनुमोदन हुनुपर्ने व्यवस्था छ । |
| व्यवस्थापिकाको संरचना-संघीय | **द्विसदनात्मक : संघीय संसदीय सभा ।**<br>**उपल्लो सदनः संघीय सभा/सदन (हाउस अफ फेडेरेशन)मा** जम्मा ११२ सिटहरु । जसमध्ये ७१ जना सदस्यहरु प्रदेशिक/क्षेत्रीय निकायहरुबाट र ४१ जना सदस्यहरु जनसंख्या र जातियताको आधारमा भागलगाइन्छन् । संघीयसभाका सदस्यहरू राज्य परिषदहरूबाट निर्वाचित हुन्छन् । प्रादेशिक/क्षेत्रीय राज्यहरुवाट छनौट हुने सदस्यहरुको हकमा, सो सिटमा राज्य परिषद्हरू आफैले प्रतिनिधिहरूको निर्वाचन गर्न पनि सक्दछन् वा जनताबाट प्रत्यक्ष तरीकाले प्रतिनिधिको निर्वाचन गर्ने निर्णय पनि गर्न सक्दछन् । यो कुराको निर्धारण राज्य परिषद्हरू बाटै हुन्छ । सदस्यको कार्यकाल ५ बर्षको हुन्छ ।<br>**तल्लो सदनः- जनप्रतिनिधि सभा**मा जम्मा ५४८ सिट । एक सदस्यीय निर्वाचन क्षेत्रहरू बाट पहिलो हुने निर्वाचित हुने प्रणाली अनुसार बढीमा ५ बर्षे कार्यकालको लागि सदस्यहरु निर्वाचित हुने । अल्पसंख्यक |

| | |
|---|---|
| | राष्ट्रियताहरुको लागि कम्तिमा २० सिट आरक्षण राखिन्छ । |
| सबैभन्दा बढी जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | आरोमिया १४८ । |
| सबैभन्दा कम जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | हरार २ । |
| संघीय सरकारको उपल्लो सदनमा प्रतिनिधित्वको वितरण | उपलव्ध नभएको । |
| अधिकारको वितरण (शक्तिको बाँडफाँट) | **संघीय सरकारका अधिकार**: संविधानले २१ वटा एकलौटी अधिकार संघीय सरकारलाई दिएको छ । ति अधिकारहरुमा आर्थिक, वित्तीय र मौद्रिक नीतिहरुको तर्जुमा (डिजाइन) र कार्यान्वयन, सार्वजनिक स्वास्थ्य, शिक्षा, विज्ञान र प्रविधि, प्रकृतिक स्रोत, टक्सार, अन्तर्राष्ट्रिय मामिला, यातायात र संचार, व्यापार र वाणिज्य, रक्षा र अध्यागमन समेत समावेश छन् । **राज्यका अधिकार**:: राज्यभित्र आर्थिक, सामाजिक र विकास सम्बन्धी नीतिहरु, देवानी कानून, श्रम, राज्य प्रहरी र सार्वजनिक व्यवस्थाका सम्बन्धमा राज्यले कानून वनाउंदछ । **समवर्ती अधिकार**: कर साझा अधिकारको बिषय हो । |
| अवशिष्ट अधिकार(शेषाधिकार) | अवशिष्ट अधिकार **क्षेत्रीय राज्यहरुमा** निहित छ । |
| संवैधानिक अदालत (संवैधानिक मामिला/बिषयहरु हेर्ने सबैभन्दा माथिल्लो अदालत) | **संघीयसभा/सदन (उपल्लो सदन)**: संघीय सदन संविधानको एकमात्र संरक्षक हो । संवैधानिक जाँचबुझ परिषद्ले संवैधानिक बिषयहरुमा संघीय सदनलाई परामर्श दिन्छ । तर जाँचबुझ परिषद्का परामर्श संघीय सदनका लागि बाध्यात्मक हुंदैन । |
| इकाईहरुको राजनीतिक प्रणाली | प्रशासनिक प्रदेश/क्षेत्रहरु निकैनै स्वायत्त छन् र तिनीहरु एउटा निर्वाचित क्षेत्रीय परिषद् (प्रदेशिक परिषद्) वाट प्रशासित हुन्छन् । साथै, प्रत्येक प्रदेश/क्षेत्रभित्र विभिन्न 'जनजाती राष्ट्रियताहरु'लाई मान्यता दिईएको छ र अधिकांशलाई स्व-शासनको लागि 'जातीय/राष्ट्रिय स्थानीय प्रशासन' निर्वाचित गर्ने र सो प्रयोजनको लागि छिमेकी जनजातीहरुसंग सम्मिलित हुन पाउने अधिकार छ । अदिश अवावाको बिशेष हैसियत छ र यो पूर्ण रुपले स्वायत्त स्व-सरकारबाट शासित हुन्छ । |
| सरकार प्रमुख-इकाईहरुमा | प्रदेश/क्षेत्रको राष्ट्रपति । |

**तालिका -२**
**आर्थिक तथा सामाजिक सूचकहरु**

| | |
|---|---|
| | |
| कुल गार्हस्थ उत्पादन (जिडिपि) | अमेरिकन डलर ४८.७ विलियन (पिपिपिमा) (२००२) |
| प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन | अमेरिकन डलर ७२४ पिपिपिमा (२००२) |
| राष्ट्रिय ऋण (वाह्य) | अमेरिकन डलर ५.७ विलियन (२००१) |
| उप-राष्ट्रिय ऋण | उपलव्ध नभएको |
| राष्ट्रिय वेरोजगारी दर | शहरी करिब १०%<br>ग्रामीण: करिब ०.१% |
| सबैभन्दा बढी वेरोजगारी दर भएको इकाई | अदिश अवावा ४०% |
| सबैभन्दा घटी वेरोजगारी दर भएको इकाई | उपलव्ध नभएको |

| | |
|---|---|
| वयस्क साक्षरता दर | ४०.३% (२००१) |
| शिक्षामा राष्ट्रिय खर्च कुल गार्हस्थ उत्पादनको प्रतिशत | ४.८% (२००१) |
| औषत आयु (बर्षमा) | ४५.७ |
| संघीय सरकारको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | उपलव्ध नभएको |
| इकाईहरुको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर १६८.८ मिलियन (२००० को अनुमान) |
| इकाईहरुलाई संघको अनुदान | उपलव्ध नभएको । |
| समीकारक संयन्त्र | सूत्रमा आधारित हस्तान्तरण । |

**स्रोत सामग्रीहरु :**


International Monetary Fund, ”Ethiopia: Sustainable Development and Poverty Reduction Program” July 2002,website: http://www.imf.org/external/np/prsp/2002/eth/01/073102.pdf

International Monetary Fund, “Country Report: Ethiopia- Statistical Appendix” September 2002, website http://www.imf.org/external/pubs/ft/scr/2002/cro2214.pdf

United Nations Development Program, Human Development Report 2003: Human Development Index. 2003 website http://www.undp.org/hdr2003/pdf/hdro3_hdi.pdf

Universität bern, institut fur offentliches recht,” International Constitutional Law: Ethiopia.”1994, http://www. Oefre.unibe.ch/law/icl/et_html

World Bank, ”Global Development Finance 2003 Striving for Stability in Development Finance: Total External Debt of Developing Countries 1995-2001,” http://www.worldbank.org/propect/gdf2003/volt2tables.htm

World Bank, ”Quick Reference Tables: Data and Statistics” http://www.worldbank.org/data/quickreference/quickref.html

World Bank, “World Development Indicator Database,”2003, http://www.worldbank.org

## १०. जर्मनी

**तालिका १**

**राजनीतिक र भौगोलिक सूचकहरु**

| | |
|---|---|
| राजधानी शहर | वर्लिन । |
| संघका इकाईहरु (Constituent units) को संख्या र किसिम | **१६ वटा राज्यहरु (लेन्डर)**: वडेन उर्टेम्बर्ग, वाभरिया, वर्लिन, व्रान्डेन्वर्ग, व्रिमेन, हम्वर्ग, हेसेन, मेक्लेन्वर्ग-भोर्पोम्मर्न, नेइदरसासेन, नर्थ राइन-वेष्टफलेन, राइनलेण्ड ल्फाज, सार्लेण्ड, साच्सेन, साच्सेन अनहाल्ट, स्क्लेसविग होल्सटेन, थुईरेन्जिन । |
| सरकारी कामकाजको भाषा | **जर्मन ।** |
| क्षेत्रफल | ३५६,९७० वर्ग किमि । |
| सबैभन्दा ठूलो संघको इकाईको क्षेत्रफल | वाभरिया- ७०,५४८ वर्ग किमि । |
| सबैभन्दा सानो इकाईको क्षेत्रफल | व्रिमेन- ४०४ वर्ग किमि । |
| कुल जनसंख्या | ८२, ५४२,००० (सेप्टेम्बर २००३) । |
| संघका इकाईहरुको जनसंख्या (कुल जनसंख्याको प्रतिशत) । | नर्थ राइन-वेष्ट फलेन २१.९%, वाभरिया १५.०%, वडेन उर्टेम्बर्ग १२.९%, नेइदरसासेन ९.७%, हेसेन ७.४%, साच्सेन ५.३%, राइनलेण्ड-ल्फाज ४.९%, वर्लिन ४.१%, स्क्लेसविग-होल्सटिन ३.४%, साच्सेन अनहाल्ट ३.१%, व्रान्डेनवर्ग ३.१, थुइरेन्जिन २.९%, मेक्लेन्वर्ग-भोयोम्मर्न २.१%, हाम्बर्ग २.१%, सार्लेण्ड १.३%, व्रिमेन ०.८% । |
| राजनीतिक प्रणाली- संघीय | **संघीय गणतन्त्र** |
| राष्ट्र प्रमुख-संघीय | **राष्ट्रपतिः** राष्ट्रपति जोहानेस राउ (१९९९) सोसियल डेमोक्रयाटिक पार्टी । **निर्वाचनः** संघीय संसद र राज्य (लेण्डर) व्यवस्थापिकाहरुवाट समान संख्यामा निर्वाचित प्रतिनिधिहरु (डेलिगेटहरू) वाट ५ बर्षे कार्यकालको लागि निर्वाचित हुने । चान्सलरको सुझावमा राष्ट्रपतिले संघीय मन्त्रीहरु, संघीय न्यायाधिशहरु र संघीय अधिकारीहरुको नियुक्ति गर्दछ । राष्ट्रपतिले वुन्डेसटाग (तल्लो सदन) वाट निर्वाचित हुन संघीय चान्स्लरको मनोनयन गर्दछ । |
| सरकार प्रमुख-संघीय | **चान्सलरः** चान्सलर गेरहार्ड स्क्रोडर (१९९८, पुनर्निर्वाचित २००२) समाजवादी प्रजातान्त्रिक दल) । **निर्वाचनः** चार बर्षे कार्यकालको लागि बुन्डेसटाग (तल्लो सदन) वाट निर्वाचित । यो जानकारी २२ सेप्टेम्बर २००२ मा पछिल्लो निर्वाचन भएको तकाको हो । |
| व्यवस्थापिकाको संरचना-संघीय | **द्विसदनात्मकः संसद**<br>**उपल्लो सदनः वुन्डेसराटमा** राज्यहरू (ल्याण्डेर)को प्रतिनिधित्व हुन्छ । उपललो सदनमा १६ वटा वहुसदस्यीय राज्यहरु (ल्याण्डेर)का राज्य व्यवस्थापिकाहरुले अप्रत्यक्ष रुपले निर्वाचित गर्ने ६९ सदस्यहरु हुन्छन् । प्रत्येक राज्य (ल्याण्ड) बाट जनसंख्याको आधारमा ३ देखि ६ जना सम्म सदस्यहरु निर्वाचित हुन्छन् । सदस्यहरू आ-आफ्ना सम्बन्धित राज्य (ल्याण्ड) सरकारको अवधि सम्म बहाल रहने गरी निर्वाचित हुन्छन् ।<br>**तल्लो सदनः वुन्डेस्टाग**मा प्रायः ५९८ सदस्यहरु रहिआएकाछन् । तर २२ सेप्टेम्बर २००२ मा निर्वाचित १५औं बुन्डेस्टागमा भने 'अतिरिक्त कार्यादेश' (Surplus mandate)को कारणले ६०३ सदस्य हुनपुगेकाछन् । 'मिश्रित सदस्य समानुपातिक चुनाव प्रणाली' अनुसार प्रत्यक्ष आम मतदान बाट सदस्यहरु निर्वाचित हुन्छन् । यसरी दलहरूलाई खसेको मतसंख्याको अनुपातमा २९९ सिटहरु समानुपातिक प्रतिनिधित्व मार्फत वितरित र |

| | |
|---|---|
| | २९९ सिटहरूमा एक सदस्यीय निर्वाचन क्षेत्रहरुवाट निर्वाचित प्रतिनिधिहरू हुन्छन् । |
| सबैभन्दा बढी जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | नर्थ राइन वेष्टफालेन-१३४ |
| सबैभन्दा कम जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | व्रिमेन-४ |
| संघीय सरकारको उपल्लो सदनमा प्रतिनिधित्वको वितरण | **जम्मा ६९ वटा सिटः** उपल्लो सदन (बुन्डेसराट)मा प्रत्येक राज्य (ल्याण्ड) को लागि का कम्तिमा तीन सिटहरु हुन्छन् । वीस लाख भन्दा बढी जनसंख्या भएका राज्यहरू (ल्याण्डेर)का लागि चार सिट, साठी लाख भन्दा बढी जनसंख्या भएका राज्यहरू (ल्याण्डेर)का लागि ५ सिट, र सत्तरी लाख भन्दा बढी जनसंख्या भएका राज्यहरू (ल्याण्डेर)का लागि ६ सिट हुन्छन् । उपल्लो सदन (वुन्डेस्राट)को अध्यक्षता राज्यहरू (ल्याण्डर)ले प्रत्येक बर्ष आलोपालो गरी गर्दछन् । कानून अनुसार प्रत्येक राज्य ( ल्याण्ड)को प्रतिनिधिमण्डलले राज्य सरकारको निर्देशन अनुसार एकमुष्ट मतदान गर्नु पर्दछ । |
| अधिकारको वितरण (शक्ति बाँडफाँट) | **संघीय सरकारका अधिकारः** संघीय सरकारले कानून बनाउंदछ जबकी राज्यहरू (ल्याण्डेर)ले संघीय कानून कार्यान्वयन गर्दछन् । संघीय सरकारलाई वैदेशिक मामिला, रक्षा, नागरिकता, अध्यागमन, अन्तर्राष्ट्रिय वाणिज्य, भन्सार मुद्रा, सिक्का (टङ्कन), प्रतिलिपि अधिकार र राष्ट्रव्यापी सार्वजनिक सेवाहरुमा एकलौटी अधिकार छ । **समवर्ती अधिकार क्षेत्रः** फौज्दारी, देवानी, आर्थिक, श्रम, कृषि सम्बन्धी संहिता, जनकल्याण, जग्गाको कारोबार, सडक ट्राफिक र गैर संघीय रेलमार्ग जस्ता कुराहरु साझा अधिकार अन्तर्गतका बिषयहरु हुन् । **राज्यहरू (ल्याण्डर)का अधिकार क्षेत्रः** संघलाई व्यवस्थापकीय अधिकार नदिईएको बिषयमा ल्याण्डरलाई कानून बनाउने अधिकार छ । प्रशासन, प्रहरी र सार्वजनिक व्यवस्था, संस्कृति, संचार र शिक्षा जस्ता बिषयहरुमा स्थानीय तहमा एकल अधिकार रहन्छ । **संघीय कानून र राज्यको कानून बाझिएमा संघीय कानून लागू हुन्छ** । |
| अवशिष्ट अधिकार(शेषाधिकार) | **राज्यहरू (ल्याण्डेर)मा** अवशिष्ट अधिकार रहेको छ । |
| संवैधानिक अदालत (संवैधानिक मामिला/बिषयहरु हेर्ने सबैभन्दा माथिल्लो अदालत) | **संघीय संवैधानिक अदालत** । संघीय संवैधानिक अदालतमा १६ सदस्यहरु हुन्छन् । त्यसमध्ये पचास प्रतिशत न्यायाधिश तल्लो सदन (बुन्डेसटाग)वाट र वांकी न्यायाधिश उपल्लो सदन (वुन्डेसर्याट)वाट पुनः निर्वाचन नहुने गरी १२ बर्षे एक पटके कार्यावधिको लागि निर्वाचित हुने । |
| इकाईहरुको राजनीतिक प्रणाली | **एक सदनात्मक व्यवस्थापिकाः- व्यवस्थापिका** । राज्य (ल्याण्डै) पिच्छै व्यवस्थापिकाको सदस्य संख्या फरक फरक छ । |
| सरकार प्रमुखः इकाईहरूमा | **प्रधानमन्त्री वा मेयर ।** |

**तालिका -२**
**आर्थिक तथा सामाजिक सूचकहरु**

| | |
|---|---|
| | |
| कुल गार्हस्थ उत्पादन (जिडिपि) | अमेरिकन डलर २.२ ट्रिलियन (पिपिपिमा) (२००२( |
| प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन | अमेरिकन डलर २६६०० पिपिपिमा) (२००२) |

| | |
|---|---|
| राष्ट्रिय ऋण (वाह्य) | अढ ३.०६२ विलियन (जुन २००३) |
| उप-राष्ट्रिय ऋण | अमेरिकन डलर ४४६.६ विलियन (२००२) |
| राष्ट्रिय वेरोजगारी दर | १०.४% डिसेम्बर २००३) |
| सबैभन्दा बढी वेरोजगारी दर भएको इकाई | सातसेन आनहल्ट-१९.६% |
| सबैभन्दा घटी वेरोजगारी दर भएको इकाई | वडेन उतेम्बर्ग- ५.४% |
| वयस्क साक्षरता दर | ९९% |
| शिक्षामा राष्ट्रिय खर्च कुल गार्हस्थ उत्पादनको प्रतिशत | ४.६% |
| औषत आयु (बर्षमा) | ७८.० |
| संघीय सरकारको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर ७८.६ विलियन (२००२) |
| इकाईहरुको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर ३१.५ विलियन (२००२) |
| इकाईहरुलाई संघको अनुदान | अमेरिकन डलर १४.८ विलियन (२००२ को शुरुमा) |
| समीकारक संयन्त्र | अन्तरराज्य हस्तान्तरण तथा संघीय हस्तान्तरणको माध्यमबाट सूत्रमा आधारित समीकरण । |

**स्रोत सामग्रीहरु :**

Bundesbank,” Gross external debt position” June 2003, http://www.bundesbank.de/stat/download/stat_auslansverschuldung/stat_sdds_auslandsverschuldung.en_0603.pdf
Germany, Government of,” Elections 2002 ,” http://www.germany-info.org/relaunch/info/publications/infocus/elections/election_process.html
Germany, Government of, Federal Statistical Office, ”Finance and taxes: cash tax revenue,” “Finance and taxes: debt,” “Finance and taxes: Länder government revenue sharing scheme” http://www.destatis.de/basis/e/fist/fisttabo1.htm
Organization for Economic Co-operation and Development, “Managing across levels of government: Germany,” http://www.oecd.org/dataoecd/10/0/1902398.pdf
Organization for Economic Co-operation and Development, ”OECD in figures: Statistics on the member countries.” September 2003 http://www.oecd.org/publications/e-book/0103061e.pdf
United Nations Development Program, Human Development Report 2003: Human development index http://www.undp.org/hdr2003/pdf/hdr03_hdi.pdf

## ११. भारत

**तालिका १**

**राजनीतिक र भौगोलिक सूचकहरु**

| | |
|---|---|
| राजधानी शहर | नयाँ दिल्ली । |
| संघका इकाईहरु (Constituent units) को संख्या र किसिम | **२८ वटा राज्यहरु**: आन्ध्र प्रदेश, अरुणाचल प्रदेश, आसाम, विहार, छत्तिसगढ गोवा, गुजरात, हरियाणा, हिमाचल प्रदेश, जम्मु र काश्मीर, झारखण्ड, कर्णाटक, केरला, मध्ये प्रदेश, महाराष्ट्र, मनिपुर, मेघालय, मिजोरम, नागाल्याण्ड, उडीसा, पन्जाव, राजस्थान, सिक्किम, तामील नाडु, त्रीपुरा, उत्तरान्चल, उत्तर प्रदेश, पश्चिम वंगाल ।<br>**७ वटा युनियन इलाकाहरु (टेरिटोरी)**: अन्डमान र निकोवार द्विप-समूह, चन्डीगढ, दाद्रा र नगर हवेली, दामन र डिउ, लक्ष्यद्विप, पोण्डिचेरी, दिल्ली । |
| सरकारी कामकाजको भाषा | **१)आसामी, २)वंगाली, ३)गुजराती, ४)हिन्दी, ५)कन्नाडा, ६)काश्मिरी, ७)कोन्कनी, ८)मलायलम, ९)मनीपुरी, १०)मराठी, ११)नेपाली, १२)उडीया, १३)पन्जावी, १४)संस्कृत, १५)सिन्धि, १६)तामील, १७)तेलगु, १८)ऊर्दु ।** |
| क्षेत्रफल | ३,२८७ ,५९० वर्ग किमि । |
| सबैभन्दा ठूलो संघको इकाईको क्षेत्रफल | राजस्थान ३४२,२३९ वर्ग किमि । |
| सबैभन्दा सानो इकाईको क्षेत्रफल | गोवा ३,७०२ वर्ग किमि । |
| कुल जनसंख्या | १,०४८,२७९,००० (२००२) |
| संघका इकाईहरुको जनसंख्या (कुल जनसंख्याको प्रतिशत) । | उत्तर प्रदेश १६.१%, महाराष्ट्र ९.४%, मिजोरम ८.७%, विहार ८.१%, पश्चिम वंगाल ७.८%, आन्ध्र प्रदेश, ७.४%, तामील नाडु ६.०%, मध्य प्रदेश ५.९%, राजस्थान ५.५%, कर्णाटक ५.१%, गुजरात ४.९%, उडीसा ३.६%, केरला ३.१%, आसाम २.६%, झारखण्ड २.६%, पन्जाव २.४%, दाद्रा र नगरहवेली २.१%, छत्तीसगढ २.०%, हरियाणा २.०%, दिल्ली १.३%, जम्मु र कश्मिर १.०%, उत्तरान्चल ०.८%, हिमान्चल प्रदेश ०.६%, त्रीपुरा ०.३%, मणीपुर ०.२%, मेघालय ०.२%, नागाल्याण्ड ०.२%, अरुणाञ्चल प्रदेश ०.१%, गोवा ०.१%, चण्डीगढ ०.०९%, पोण्डिचेरी ०.०९%, सिक्किम ०.०५%, अन्डमान र निकोवार द्विप ०.३%, दामन र डिउ ०.०१% लक्ष्यद्विप ०.००६% । |
| राजनीतिक प्रणाली- संघीय | **संघीय गणतन्त्र:- संसदीय प्रणाली ।** |
| राष्ट्र प्रमुख-संघीय | **राष्ट्रपति**: राष्ट्रपति अबुल पाकिर जैनुलाव्दिन अव्दुल कलाम (२००२-२००७) । **निर्वाचन**: संसदका दुबै सदनका र राज्यका व्यवस्थापिकाहरु ( विधानसभा) वाट निर्वाचित सदस्यहरु रहेको निर्वाचन मण्डलवाट ५ बर्षको कार्यकालको लागि राष्ट्रपति निर्वाचित हुने । प्रत्येक राज्यको विधानसभामा निर्वाचित प्रत्येक सदस्यको मतसंख्या = राज्यको कुल जनसंख्या लाई विधानसभाका निर्वाचित सदस्य संख्याले भाग गरेर आएको भागफल x १००० हुन्छ । यसरी गरिएको हिसाब बाट आएको शेष यदि ५०० भन्दा घटी भएन भने प्रत्येक सदस्यको मतसंख्यामा थप एक जोडिन्छ । त्यस्तै, संघका दुबै सदनका निर्वाचित सदस्यहरूको मतसंख्या = विधानसभाका सदस्यहरूका लागि निर्धारित कुल मतसंख्यालाई संसदका दुबै सदनका निर्वाचित सदस्यहरूको कुल संख्याले भाग गरी आएको भागफल हुन्छ । पछिल्लो निर्वाचन जुलाई २००२ मा भएको थियो (र अर्को निर्वाचन जुलाई २००७ मा हुने) । |

| | |
|---|---|
| सरकार प्रमुख-संघीय | **प्रधानमन्त्रीः** प्रधानमन्त्री श्री अटल विहारी वाजपेयी (सन् १९९८ देखि) । लोकसभामा वहुमत प्राप्त दलको वा गठवन्धको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीको रुपमा नियुक्त गर्ने । प्रधानमन्त्रीको सल्लाहमा राष्ट्रपतिले मन्त्रिपरिषद् गठन गर्ने । सन् २००४ मा अर्को निर्वाचन हुने । |
| सरकारको संरचना-संघीय | **द्विसदनात्मकः संसदः** राष्ट्रपति र राज्यसभा तथा लोकसभा भनिने दुई सदन बाट संसद बनेको छ ।<br>**उपल्लो सदन (राज्यसभा)**ः राज्यसभामा बढीमा २५० सिटहरु । १२ जना सदस्यहरु साहित्य, विज्ञान, कला, र समाजसेवामा विशेष ज्ञान र व्यवहारिक अनुभव भएका व्यक्तिहरू मध्ये बाट राष्ट्रपतिले नियुक्त गर्ने र वांकी सदस्यहरु (२३८ जनामा नबढाई) राज्य र संघ-राज्य (टेरिटोरी) का व्यवस्थापिकाका निर्वाचित सदस्यहरुवाट समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत एकल संक्रमणीय मतका आधारमा ६ बर्षे कार्यकालको लागि निर्वाचित हुने र एक तीहाई सदस्यहरु प्रत्येक दुई दुई वर्षमा निर्वाचित हुने ।<br>**तल्लो सदन (लोकसभा)**ः लोकसभामा वढीमा ५५२ सदस्यहरु रहन्छन् । जसमध्ये राज्यमा प्रादेशिक निर्वाचन क्षेत्रहरूबाट वयस्क मताधिकारका आधारमा प्रत्यक्ष निर्वाचनवाट ५३० जनामा नबढाई सदस्यहरुको छनौट गरिन्छ । संघ-राज्य क्षेत्र (टेरिटोरी)हरूको प्रतिनिधित्वका लागि संसदले निर्धारित गर्ने विधिद्वारा चुनिने बढीमा २० जना सदस्य । आङ्गलो-भारतीय समुदायवाट लोकसभामा पर्याप्त प्रतिनिधित्व नभएको महसुस भएको खण्डमा राष्ट्रपतिबाट बढीमा २ जना सदस्य यस समुदायबाट मनोनित हुन सक्ने । लोकसभाको कार्यकाल पहिलो बैठकको लागि तोकिएको मितिले ५ बर्षको हुने । |
| सबैभन्दा बढी जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | उत्तर प्रदेश -८५ |
| सबैभन्दा कम जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | लक्ष्यद्विप १<br>पण्डिचेरी १<br>अन्डमन र निकोवार द्विप १<br>चण्डिगढ १<br>दाद्रा र नगरहवेली १<br>दामन  र डिउ १<br>सिक्किम १<br>मिजोरम १<br>नागाल्याण्ड १ |
| संघीय सरकारको उपल्लो सदन (राज्यसभा)मा प्रतिनिधित्वको वितरण | आन्ध्रप्रदेश १८, अरुणाचल प्रदेश १, आसाम ७, विहार १६, छतिसगढ ५, गोवा १, गुजरात ११, हरियाणा ५, हिमाचल प्रदेश ३, जम्मुकस्मीर ४, झारखण्ड ६, करनाटक १२, केरला ९, मध्यप्रदेश ११, महाराष्ट्र १९, मणीपुर १, मेघालय १, मिजोरम १, नागाल्याण्ड १, उडिसा १०, पञ्जाव ७, राजस्थान १०, सिक्किम १, तामिलनाडु १८, त्रिपुरा १, उत्तराञ्चल ३, उत्तरप्रदेश ३१, पश्चिम बङ्गाल १६ ।<br>नोटः युनियन टेरिटोरीहरूलाई यहाँ समावेश गरिएको छैन । |
| अधिकारको वितरण (शक्ति बाँडफाँट) | **संघीय सरकारका अधिकार**ः संघीय सरकारले ९७ बिषयहरु (रक्षा, वैदेशिक मामिला, संचार, मुद्रा, बैंकिङ्ग र भन्सार लगायत) मा कानून बनाउने एकलौटी अधिकार राख्दछ । **राज्यहरूको अधिकार क्षेत्र**ः प्रहरी र सार्वजनिक |

| | |
|---|---|
| | व्यवस्था, कृषि र सिंचाई, शिक्षा, सार्वजनिक स्वास्थ्य र स्थानीय सरकार जस्ता ६६ वटा बिषयहरुमा राज्यहरुलाई एकलौटी अधिकार प्राप्त छ । **समवर्ती अधिकार क्षेत्र**: आर्थिक र सामाजिक योजना, फौज्दारी कानून, शिक्षा, जनसंख्या नियन्त्रण, परिवार नियोजन, श्रम र मूल्य नियन्त्रण लगायतका ४७ वटा कुराहरुमा संघ र राज्यको साझा अधिकार छ । साझा सूचीमा रहेको कुनै बिषयमा **संघीय कानून र राज्यको कानून वाझिएमा, संघीय कानून लागू हुन्छ** । |
| अवशिष्ट अधिकार (शेषाधिकार) | अवशिष्ट अधिकार संघमा रहन्छ । |
| संवैधानिक अदालत (संवैधानिक बिषयहरु हेर्ने सबैभन्दा माथिल्लो अदालत) | भारतको **सर्वोच्च अदालत** । भारतको राष्ट्रपतिवाट नियुक्त प्रधान न्यायाधिश र बढीमा (संसदीय विधिद्वारा यो भन्दा बढी संख्या निर्धारित नभए सम्म) २५ जना न्यायाधीशहरु रहने । राष्ट्रपतिले परामर्श लिन आवश्यक ठानेका सर्वोच्च अदालत तथा राज्यहरूका उच्च अदालतका न्यायाधिशहरूसंग परामर्श लिएर राष्ट्रपतिद्वारा सर्वोच्च अदालतका प्रधान न्ययाधिश सहित प्रत्येक न्यायाधिशको नियुक्ति हुने । न्यायाधीशहरु ६५ वर्षको उमेरमा निबृत्त हुने । |
| इकाईहरुको राजनीतिक प्रणाली | **विधानसभाहरु** । राज्यहरूका विधान सभाहरूमा ५ बर्षको लागि आम निर्वाचनवाट ३२ देखि ४२५ सम्म सदस्यहरु रहने । केही ठूला राज्यहरुमा (बिहार, महाराष्ट्र, कर्नाटक, र उत्तरप्रदेशमा) दोस्रो सानो व्यवस्थापकीय चेम्बर पनि हुन्छ, जसलाई **विधान परिषद्** भनिन्छ । |
| सरकार प्रमुख-इकाईहरुमा | **राज्य प्रमुखः गभर्नर (राज्यपाल)** । प्रधानमन्त्रीको सिफारिशमा ५ बर्षे कार्यकालको लागि राष्ट्रपतिवाट नियुक्त हुने । **सरकार प्रमुख (मुख्यमन्त्री)**: विधान सभाका सदस्यहरुमध्येवाट गठीत मन्त्रिपरिषद्को अध्यक्षता मुख्य मन्त्रीले गर्दछ । |

**तालिका -२**
**आर्थिक तथा सामाजिक सूचकहरु**

| | |
|---|---|
| | |
| कुल गार्हस्थ उत्पादन (जिडिपि) | अमेरिकन डलर २.७ ट्रिलियन पिपिपिमा (२०००) |
| प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन | अमेरिकन डलर २५७०.९ पिपिपिमा (२००२) |
| राष्ट्रिय ऋण (वाह्य) | अमेरिकन डलर ९७.३ विलियन (२१००१) |
| उप-राष्ट्रिय ऋण | अमेरिकन डलर ८२.६ विलियन |
| राष्ट्रिय वेरोजगारी दर | ८.८ % |
| सबैभन्दा बढी वेरोजगारी दर भएको इकाई | गोआ १३.६ % |
| सबैभन्दा घटी वेरोजगारी दर भएको इकाई | गुजरात र राजस्थान- ०.८% |
| वयस्क साक्षरता दर | ५८% |
| शिक्षामा राष्ट्रिय खर्च कुल गार्हस्थ उत्पादनको प्रतिशत | ४.१% |
| औषत आयु (बर्षमा) | ६३.३ (२००१) |
| संघीय सरकारको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर ४५.६ विलियन (२००२-२००३) |
| इकाईहरुको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर ३१.४ विलियन (२००२-२००३) |
| इकाईहरुलाई संघको अनुदान | अमेरिकन डलर ११.५ विलियन (२००२-२००३) |
| समीकारक संयन्त्र | स्वतन्त्र वित्तीय आयोगहरुको सिफारिशमा निशर्त र सशर्त अनुदान एवं संघीय करको हिस्सा राज्यहरुलाई हस्तान्तरण गरिन्छ। |

**स्रोत सामग्रीहरु :**


India, Government of, Ministry of Finance and Company Affairs, ”Budget Division: Report on 11th Finance Commission(for 2000-2005),” “Economic survey: Public finance, 2002-2003,” website: http://www.finimin.nic.in/the_ministry/dept_eco_affairs/budget/11th_fc/fc_index.htm
India, Government of, ”Union budget 2003-2004:state-wise distribution of share in central taxes-duties.”2003-2004, website: http:// www.indiabudget.nic.in/ub2003-04-rec.htm
India, Government of, Planning Commission, ”National Human Report 2001,” website: http://www.planningcomission.nic.in/report/gnrep/nhdrep/nhdtstatapx.pdf
India, Office of the President, website: http://www.presidentofindia.nic.in/
India, Parliament of, website: http://www.parliamentofindia.nic.in/
India Profile Labor. Available form website http://nationmaster.com/country/in/labor
United Nations Development Program, Human Development Report 2003, Human Development Index, website http://undp.org/hdr2003/pdf/hdro3_hdi.pdf
Watts, Ronald l. 1999. Comparing Federal System. Second edition. Kingston Column Institute of Inter Governmental Relations, Queens University.

# १२. मलेशिया

**तालिका १**

**राजनीतिक र भौगोलिक सूचकहरु**

| | |
|---|---|
| राजधानी शहर | क्वालालम्पुर<br>प्रशासनिक राजधानी- पुत्रजया |
| संघका इकाईहरु (Constituent units) को संख्या र किसिम | **१३ वटा राज्यहरु**: जोहोर, केदाह, केलान्तान, मेलाका, निगेरी सेम्बिलान, पाहाङ्ग, पेनाङ्ग (पुलाउ पिनाङ्ग), पेराक, पेरलिस, सवाह, सरावाक, सेलाङ्गोर, तेरेङ्गानु ।<br>**३ संघीय भूभागहरू (फेडरल टेरिटोरिज)**: लवुआन, क्वालालम्पुर र पुत्रजया । |
| सरकारी कामकाजको भाषा | **वहसा मेलायु ।** |
| क्षेत्रफल | ३२९, ७५० वर्ग किमि । |
| सबैभन्दा ठूलो संघको इकाईको क्षेत्रफल | सरावाक - १२४,४४९ वर्ग किमि । |
| सबैभन्दा सानो इकाईको क्षेत्रफल | लावुआनको संघीय इलाका: ९८ वर्गकिमि । |
| कुल जनसंख्या | २४,३०५,००० (२००२) । |
| संघका इकाईहरुको जनसंख्या (कुल जनसंख्याको प्रतिशत) । | सेलाङ्गोर १८.०%, जोहोर ११.८%, सवाह ११.०%, पेराक ९.०%, सरावाक ९.०%, केदाह ७%, केलान्तान ५.८%, क्वालालम्पुर ५.८%, पाहाङ्ग ५.५%, पेनाङ्ग (पुलाउ पिनाङ्ग) ५.५%, तेरेङ्गानु ४.०%, निगेरी सेम्बिलान ३.७%, मेलाका २.७%, पेरलिस ०.९%, लवुआन ०.३%, पुत्रजया (उपलव्ध नभएको) । |
| राजनीतिक प्रणाली- संघीय | **संवैधानिक राजतन्त्र**: संसदीय प्रणाली । |
| राष्ट्र प्रमुख-संघीय | Paramount Ruler Syed Sira Juddin ibni Almarhum Tuanku Syed Putra Jamalullail, the Raja of Perlis। **(सर्वशक्तिमान शासक** सयद सिराजुद्दिन ईब्नी अल्मर्हम टङ्कु सयद जमाल्लुल्लैल् पेर्लिसका राजा) शासकहरुको सम्मेलनले आफूहरुमध्येवाट ५ बर्षको लागि राजा निर्वाचित गर्दछ । पछिल्लो निर्वाचन १३ डिसेम्बर २००१ मा भएको थियो । (अर्को निर्वाचन २००६ मा हुने ) । |
| सरकार प्रमुख-संघीय | प्रधानमन्त्री दातुक सेरी अहमद वढावी (२००२)) । ५ बर्षे कार्यकालको लागि प्रतिनिधिसभामा वहुमत प्राप्त दलको नेता प्रधानमन्त्री पदमा नियुक्त हुन्छ । Paramolunt Ruler (सर्वशक्तिमान शासक)को सहमतिमा प्रधानमन्त्रीले संसदका सदस्यहरुमध्येवाट मन्त्रिपरिषद् गठन गर्दछ । |
| संघीय व्यवस्थापिकाको संरचना:- संघीय | **द्विसदनात्मक व्यवस्थापिका** (देवान नेगारा) ।<br>**उपल्लो सदन (सिनेट)**: सिनेटमा जम्मा ६९ सिट छन् । प्रत्येक राज्यको व्यवस्थापिका सभावाट २ जना सदस्य निर्वाचित हुन्छन् वांकी सदस्य प्रधानमन्त्रीको सल्लाहमा Paramount Ruler (सर्वशक्तिमान शासक)ले नियुक्त गर्ने । सदस्यहरुको कार्यकाल वढीमा तीन वर्षको हुन्छ । सदस्यहरु दुई पटकसम्म निर्वाचित हुनसक्ने प्रावधान छ ।<br>**तल्लो सदन: प्रतिनिधिसभा (देवान रक्याट)**: यो सदनमा जम्मा १९३ सिट । सदस्यहरु एकल सदस्यीय निर्वाचन क्षेत्रवाट बहुमतको आधारमा निर्वाचित हुन्छन् । सदस्यको कार्यकाल ५ बर्षको हुन्छ । पछिल्लो निर्वाचन २९ नोभेम्बर १९९९ मा भएको थियो (आगामी निर्वाचन नोभेम्बर २००४ मा हुने) । |
| सबैभन्दा बढी जनसंख्या भएको | सिलाङ्गोर: १७ । |

| | |
|---|---|
| इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | |
| सबैभन्दा कम जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | लाबुआन संघीय इलाकाः १ । |
| संघीय सरकारको उपल्लो सदनमा प्रतिनिधित्वको वितरण | १३ वटा राज्य प्रत्येकले आफ्नो राज्यको व्यवस्थापिकाबाट निर्वाचित गरी सिनेटमा २ जना प्रतिनिधि पठाउने । बाँकी प्रतिनिधिहरु प्रधानमन्त्रीको सल्लाहमा Paramount Ruler (सर्वशक्तिमान शासक)ले नियुक्त गर्ने । |
| अधिकारको वितरण (शक्तिको बाँडफाँट) | **संघीय संसदका अधिकारः** संघीय संसदलाई परराष्ट्र मामिला, रक्षा, र आन्तरिक सुरक्षा न्याय (इस्लामिक कानून बाहेक), स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा, उद्योग, वाणिज्य, अर्थ, यातायात र संचारको क्षेत्रमा कानून बनाउने अधिकार छ । **राज्यको अधिकार**ः राज्यको अधिकार मूलतः भूमि तथा प्राकृतिक स्रोत व्यवस्थापन, स्थानीय सरकारको सुपरीवेक्षण तथा इस्लामिक र परम्परागत कानूनको प्रशासनमा सीमित छ । खासगरी भूमि सम्बन्धी कानून, अर्थ, र धर्म जस्ता कुराहरुमा सवाह र सरावकलाई केही संवैधानिक अग्राधिकारहरु प्रदान गरिएको छ ।<br>**संघीय कानून राज्यको कानून वाझिएमा संघीय कानून लागू हुन्छ** । |
| अवशिष्ट अधिकार (शेषाधिकार) | **अवशिष्ट अधिकार राज्यमा** निहित रहेको छ । |
| संवैधानिक अदालत (संवैधानिक बिषयहरु हेर्ने सबैभन्दा माथिल्लो अदालत) | संघीय अदालतः प्रधानमन्त्रीको सल्लाहमा Paramount Ruler ( सर्वशक्तिमान शासक) वाट न्यायाधिशहरु नियुक्त हुने । |
| इकाईहरुको राजनीतिक प्रणाली | **एक सदनात्मक व्यवस्थापिका सभाः** विभिन्न राज्यहरूका व्यवस्थापिका सभामा १४ देखि ५६ सम्म सदस्यहरु छन् ।<br>क्वालालम्पुरको संघीय इलाका (फेडरल टेरिटोरी)को प्रशासन सोझै संघीय सरकारबाट प्रत्यक्ष रुपले संचालन हुन्छ । प्रत्येक राज्यको आफ्नै संविधान छ । |
| सरकार प्रमुख-इकाईहरुमा | **राज्य प्रमुख**ः केही प्रायद्धिपीय मलेशीयन राज्यहरुमा वंशपरम्परागत पैत्रिक शासकहरु (सुल्तान) को व्यवस्था विद्यमान छ । अन्य राज्यहरूमा संघीय प्रधानमन्त्रीको सल्लाहमा सर्वोच्च शासकबाट गभर्नरहरू नियुक्त हुन्छन् ।<br>**सरकार प्रमुख**ः मुख्यमन्त्री व्यवस्थापकीय सभाबाट निर्वाचित हुन्छ । |

**तालिका -२**
**आर्थिक तथा सामाजिक सूचकहरु**

| | |
|---|---|
| कुल गार्हस्थ उत्पादन (जिडिपि) | अमेरिकन डलर २१६.८ विलियन पिपिपिमा (२००२) |
| प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन | अमेरिकन डलर ८९२१.४ पिपिपि (२००२) |
| राष्ट्रिय ऋण (वाह्य) | अमेरिकन डलर ४३.४ विलियन (२००१) |
| उप-राष्ट्रिय ऋण | उपलव्ध नभएको |
| राष्ट्रिय वेरोजगारी दर | ३.४% |
| सबैभन्दा बढी वेरोजगारी दर भएको इकाई | उपलव्ध नभएको |
| सबैभन्दा घटी वेरोजगारी दर भएको इकाई | उपलव्ध नभएको |
| वयस्क साक्षरता दर | ८७.९% |

| | |
|---|---|
| शिक्षामा राष्ट्रिय खर्च कुल गार्हस्थ उत्पादनको प्रतिशत | ७२.८ |
| औषत आयु (बर्षमा) | ६.२% |
| संघीय सरकारको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर १२.८ विलियन (२००० को प्रारम्भिक) |
| इकाईहरुको राजश्व (कर तथा अन्य स्रोतहरुबाट) | अमेरिकन डलर ७४१.८ विलियन (२००० को प्रारम्भिक) |
| इकाईहरुलाई संघको अनुदान | अमेरिकन डलर २०७७ विलियन (२००० को प्रारम्भिक) |
| समीकारक संयन्त्र | तोकिएको कुनै खास संघीय करको निशर्त हिस्सा र प्रति व्यक्ति अनुदानको निशर्त र सशर्त हिस्साको तालमेलमा संघीय अनुदान आधारित छ। |

**स्रोत सामग्रीहरु :**

International Monetary Fund," IMF Country Report: Malaysia-Statistical Appendix.'' October 2001, website http://www.imf.org/external/pubs/ft/scr/2001/cro1187.pdf
Parliament of Malaysia,2003, web site http://www.parliamen.gov.my/
Statoid," Administrative Divisions of countries: Malaysia."2000, web site http://www.statoids.com/umy.html
United Nations development Program, Human Development Report 2003: Human Development Index, web site http://www.undp.org/hdr2003/pdf/hdro3_HDI.pdf
Watts, Ronald L.1999. Comparing Federal Systems. Second edition. Kingston. Institute of Intergovernmental Relations, Queen's University.
World Bank, "Global Development Finance 2003-Striving for Stability in Development Finance: Statistical appendix (external liabilities and assets)." 2003. Table A.42-Total external debt of developing countries 1995-2001. web site http://www.worldbank.org/prospects/gdf2003/statappendix/externalliabilitiesandassets.pdf

## १३. मेक्सिको

**तालिका १**

**राजनीतिक र भौगोलिक सूचकहरु**

| | |
|---|---|
| राजधानी शहर | मेक्सिको शहर । |
| संघका इकाईहरु (Constituent units) को संख्या र किसिम | **३१ राज्यहरुः** अगुवास्कालिन्टेस, वाजा क्यालिफोर्निया नोर्टे, वाजा क्यालिफोर्निया सुर, क्याम्पेचे, चियापास, चिहुवाहुवा, कोआहुइला डे जारागोजा, कोलिमा, डुराङ्गो, गुआनाजुवाटो, ग्वेरेरो, हिदाल्गो, जालिस्को, मेक्सिको, मिकोवाचान डे ओकाम्पो, मोरेलोस, नयारित, नुवेभोलियोन, वाक्साका, प्युएब्ला, क्वेरेतारो डे अर्टेगा, क्वीनतानाररू, सान लुइस पोटोसी, सिनालोआ, सोनोरा, तावास्को, तामाउलिपास, टालाक्सकाला, भेराक्रुज लाभे, युकातान, जाकाटेकास ।<br>**१ संघीय जिल्लाः** मेक्सिको शहर । |
| सरकारी कामकाजको भाषा | **स्पेनेली** । |
| क्षेत्रफल | १,९६४,३७५ वर्ग किमि । |
| सबैभन्दा ठूलो संघको इकाईको क्षेत्रफल | चिहुवाहुवाः २४७, ०८७ वर्ग किमि । |
| सबैभन्दा सानो इकाईको क्षेत्रफल | टलाक्सकालाः ३,९१४ वर्ग किमि ।<br>संघीय जिल्लाः १,४७९ वर्ग किमि । |
| कुल जनसंख्या | १००, ९२१, ००० (२००२) । |
| संघका इकाईहरुको जनसंख्या (कुल जनसंख्याको प्रतिशत) । | मेक्सिको १३.४%, संघीय जिल्ला/मेक्सिको शहर ८.८%, भेराक्रुज लाभे ७.१%, जालिस्को ६.५%, प्युएब्लो ५.२%, गुआनाजुवाटो ४.८%, मिकोवाचान डे ओकाम्पो ४.१%, चियापास ४.०%, नुवेभोलियोन ३.९%, वाक्साका ३.५%, ग्वेरेरो ३.२%, चिहुवाहुवा ३.१%, तामाउलिपास २.८%, सिनालोआ २.६%, वाजा क्यालिफोर्निया नोर्टे २.५%, सान लुइस पोटोसी २.४%, कोआहुइला डे जारागोजा २.४%, हिदाल्गो २.३%, सोनोरा २.२%, तावास्को २%, युकातान १.७ %, मोरेलोस १.६%, डुराङ्गो १.५%, क्वेरेतारो डे अर्टेगा १.४%, जाकाटेकास १.३%, टालाक्सकाला १%, अगुवाकालिन्टेस १%, क्वीनतानारू ०.९%, नयारित ०.९%, क्याम्पेचे ०.७%, कोलिमा ०.६ % र बाजा क्यालिफोर्निया सुर ०.४% । |
| राजनीतिक प्रणाली- संघीय | **संघीय गणतन्त्र ।** |
| राष्ट्र प्रमुख-संघीय | **राष्ट्रपतिः** राष्ट्रपति भिसेन्ते फोक्स क्वीसादा (१ डिसेम्बर २००० देखि ) । AC-PAN मा 'परिवर्तनको लागि गठवन्धन' (एलाइन्स फर चेन्ज) जसमा नेशनल एक्सन पार्टी र इकोलोजी अफ ग्रीन पाटी अफ मेक्सिको समेत सामेल छन् । ६ बर्षे कार्यकालको लागि राष्ट्रपति वयस्क मताधिकारको आधारमा निर्वाचित हुन्छ । राष्ट्रपति एउटा कार्यकालको लागि मात्र निर्वाचित हुन्छ । पछिल्लो निर्वाचन २ जुलाई २००० मा भएको (अर्को निर्वाचन २००६ मा हुने ) । |
| सरकार प्रमुख-संघीय | **राष्ट्रपतिः** डिसेम्बर २००० देखि राष्ट्रपति भिसेन्टे जेक्स क्वीसादा (AC-PAN) । मन्त्रिपरिषद्का सदस्यहरु राष्ट्रपतिवाट नियुक्त हुन्छन् । तर राष्ट्रपतिले गर्ने महान्यायाधिवक्ता, सशस्त्र शैनिक वलका प्रमुख र राजदूतहरुको नियुक्ति भने सिनेटवाट अनुमोदन हुनु पर्दछ । |
| सरकारको (व्यवस्थापिकाको) संरचना- संघीय | **द्विसदनात्मकः राष्ट्रिय कंग्रेस ।**<br>**उपल्लो सदन (सिनेट)**ः सिनेटमा जम्मा १२८ सिटहरु छन् । सदस्यहरु ६ वर्षे कार्यकालको लागि निर्वाचित हुन्छन् र पुनः निर्वाचित हुन सक्दैनन् । |

| | |
|---|---|
| | सबै सिटहरुको लागि पछिल्लो निर्वाचन २ जुलाई २००० मा भएको (अर्को निर्वाचन २००६ मा हुने) । **तल्लो सदन (फेडरल च्याम्बर अफ डेप्युटिज)**: - फेडरल च्याम्बर अफ डेप्युटिज (जनप्रतिनिधिहरूको संघीय सदन)मा ५०० सिटहरु छन् । ३०० सदस्यहरु एकल सदस्यीय जिल्लाहरुवाट वयस्क मताधिकारका आधारमा प्रत्यक्ष रुपले निर्वाचित हुने । वाँकी २०० सदस्यहरु ५ वटा वहु-सदस्यीय जिल्लाहरुवाट समानुपातिक प्रतिनिधित्वका आधारमा निर्वाचित हुने । डेपुटीहरु पुनः निर्वाचित हुन नसक्ने । पछिल्लो निर्वाचन ६ जुलाई २००३ मा भएको (अर्को निर्वाचन २००६ मा हुने) । |
| सबैभन्दा बढी जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | मेक्सिको: ५७ । |
| सबैभन्दा कम जनसंख्या भएको इकाईबाट संघीय सरकारको तल्लो सदनमा प्रतिनिधिहरुको संख्या | वाजा क्यालिफोर्निया सुर- २ । |
| संघीय सरकारको उपल्लो सदनमा प्रतिनिधित्वको वितरण | ३१ राज्य र संघीय जिल्ला प्रत्येकले सिनेटमा ३ जना प्रतिनिधि पठाउने, त्यसमध्ये प्रत्येक राज्य बाट २ जना वहुमतवाट निर्वाचित हुने र दोस्रा सबैभन्दा वढी मत ल्याउने ठूलो दलले १ जना पठाउन पाउने । वांकी ३२ जना सिनेटरहरु समानुपातिक प्रतिनिधित्व प्रणाली अनुसार मुलुकभरवाट निर्वाचित हुने । |
| अधिकारको वितरण | **संघीय सरकारका अधिकारहरुः -** बैदेशिक मामिला, रक्षा, नागरिकता, अध्यागमन, अन्तर्राष्ट्रिय र अन्तरराज्य वाणिज्य, भन्सार, मुद्रा, वैकिङ्ग, औद्योगिक सम्पत्तिको अधिकार, राष्ट्रव्यापी सार्वजनिक सेवा, आर्थिक योजना र सामाजिक विकास, स्वास्थ्य र विद्युत तथा आणविक उर्जा, भूमिगत उत्पादन र खनिज पदार्थ (तेल र जल समेत) को दोहणको लागि इजाजतपत्र दिने अधिकार संघीय सरकारलाई छ । राज्यहरू र नगरपालिका हरूको शक्षा, सांस्कृतिक मामिला र वातावरण संरक्षण संघीय सरकार, राज्य र नगरपालिकाहरुको संयुक्त जिम्मेवारीका बिषयहरु हुन् । स्थानीय सरकारको रेखदेख गर्ने जिम्मेवारी राज्यहरुमा रहेको छ । |
| अवशिष्ट अधिकार (शेषाधिकार | अवशिष्ट अधिकार राज्यहरुमा निहित छ । |
| संवैधानिक अदालत (संवैधानिक मामिला (बिषयहरु) हेर्ने सबैभन्दा माथिल्लो अदालत) | **राष्ट्रको न्यायको सर्वोच्च अदालतः** ११ जना न्यायाधिशहरु राष्ट्रपतिवाट नियुक्त र सिनेटवाट अनुमोदित हुने । |
